# प्रभाव दैनिक

National Daily




वर्ष १० | अंक १४९ | काठमाडौं | मंगलबार, २ असोज २०८० | Prabhab National Daily | Tuesday, September 19, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

# तीजमा ओलीदेखि वामदेवसम्म छमछमी







■ जेबी योञ्जन

**काठमाडौं–** हरितालिका तीज हिन्दू नेपाली महिलाहरूको विशेष पर्व हो । संस्कृत भाषाका रूपहरित' र रूपआलिका' दुईवटा शब्द मिलेर हरितालिका शब्द बनेको छ । जसमा रूपहरित' शब्दको अर्थ हरण गरिएको र रूपआलिका' शब्दको अर्थ साथी भन्ने हुन्छ । सत्ययुगमा भाद्र शुक्ल तृतीयाको दिन निराहार व्रत बसी पार्वतीले श्रीमहादेव स्वामी पाएकीले यस दिनमा व्रत बस्दा मनोकामना पूरा हुने विश्वास छ ।

नारीको विशेष पर्वका रूपमा लिइए पनि यस पर्वलाई पुरुषहरूले पनि रमाइलो पर्वका रूपमा हेर्न थालेका छन् । अझ नेताहरू आफैं नै मञ्चमा बुरुकबुरुक नाच्ने गरेको हामीले देख्दै आएका छौं । यसपटक पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पनि तीज गीतमा कम्मर मर्काएर नाचेका छन् । अखिल नेपाल महिला संघ बालकोटले आयोजना गरेको तीज विशेष कार्यक्रममा ओलीले कम्मर मर्काएका हुन् । हुन त एमाले अध्यक्ष ओली यसपालामात्र हैन अघिल्लो तीजमा पनि पार्टीकै गीतमा छमछमी नाचेका थिए ।

- यसपटक पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि तीज गीतमा कम्मर मर्काएका छन्
- रूपसोचेझैं जिन्दगी रैनछ' गीतमा वामदेव गौतम नाच्दा कतिपयले उनकै जीवनसँग मेल खाएको टिप्पणी गरेका छन्
- अघिल्लो तीजमा मन्त्री रहेकी एकीकृत समाजवादीकी नेतृ रामकुमारी झाँक्री गुल्मीको पुर्कोट म्यालपोखरी पुगेर तीजको कार्यक्रममा छमछमी नाचिन्

रसिक मानिने नेता ओलीलाई उछिन्दै यसपाला राष्ट्रिय सभाका सदस्य वामदेव गौतम पनि छमछमी नाचेका छन् । राजनीतिक वृत्तमा खासै चर्चामा नरहेका गौतम तीजका दिन भने नाचका कारण चर्चामा छाएका छन् ।

२०७७ को अन्तिमतिर नेकपा (एमाले र माओवादी मिलेर बनेको पार्टी) विभाजन हुन लाग्दा पार्टी एकता महाअभियान बोकेर अघि बढेका थिए उनी । तर उनको प्रयास सफल हुन सकेन । त्यसपछि नेकपा एकता राष्ट्रिय अभियान सुरु गरेका थिए । उनलाई यो अभियानबाट युवराज सफलले हटाइदिए ।

उनै गौतम रूपसोचेझैं रैनछ जिन्दगी' बोलको तीज गीतमा छमछमी नाचेको भिडियो अहिले सामाजिक सञ्जालमा छाएको छ । वामदेवले आफ्नै घरमा पत्नी र चेलीबेटीहरूसँग नाचेको गीत कतिपयले उनकै जीवनसँग मेल खाएको बताएका छन् ।

अघिल्लो तीजमा मन्त्री रहेकी एकीकृत समाजवादीकी नेतृ रामकुमारी झाँक्री गुल्मीको पुर्कोट म्यालपोखरी पुगेर तीजको कार्यक्रममा छमछमी नाचेकी थिइन् ।

(बाँकी पृष्ठ २ मा)

## कांग्रेसमा किचलो

# केन्द्रीय समितिअघि शेखरले बोलाए 'गुट भेला'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक यही असोज ४ गतेका लागि बोलाइएको छ । साउन १० गतेको केन्द्रीय समितिले असोज २ गतेका लागि मिति तय गरे पनि अन्तिम समयमा बैठकको मिति सारिएको हो ।

केन्द्रीय समितिअघि संस्थापनइत्तर पक्षले आफ्नो समूहको बैठक डाकेको छ । संस्थापनइत्तर समूहका नेता डा. शेखर कोइरालाले आज (मंगलबार) अपराह्न १ बजे बालुवाटारस्थित आफ्नो सम्पर्क कार्यालयमा भेला राखेका हुन् । भेलामा महामन्त्री विश्वप्रकाश शर्मालाई पनि बोलाइएको कोइरालाका स्वकीय सचिव दिनेश थपलियाले जानकारी दिए । त्यसैगरी भेलामा प्रदीप पौडेललाई पनि निम्तो रहेको उनले बताए ।

रूपबैठक केन्द्रीय समितिमा कसरी प्रस्तुत हुने भन्ने विषयमा छलफलका लागि बोलाइएको हो । दिउँसो १ बजे बालुवाटारमा बस्नेछ,' थपलियाले भने । शेखर पक्षबाट महामन्त्री बनेका गगन थापालाई निम्ता दिइएको हो वा हैन भन्नेबारे उनले खुलाएनन् । संसदीय दलको निर्वाचनयता शेखर र गगन आफ्नो गुटगत भेलामा कतै एकै ठाउँमा देखिएका छैनन् ।

यद्यपि, दुवै नेताले आफूहरू नछुट्टिएको दाबी गर्छन् । महामन्त्री शर्मालाई पनि निम्ता गरिएकोले यो भेलालाई अर्थपूर्ण रूपमा हेरिएको छ । शर्माले संसदीय दलमा गगनलाई सहयोग गरेका थिए । अहिले पार्टीमा उनी उपसभापति पूर्णबहादुर खड्का निकट छन् । देउवाको अघिल्लो कार्यकालमा कांग्रेस प्रवक्ता बनेका शर्माको उपस्थिति भएमा गगनलाई धक्का हुनसक्ने बताइएको छ । २०७८ मंसिरमा भएको १४औं महाधिवेशनमा शर्मा प्रकाशमान सिंहको प्यानलबाट प्रतिस्पर्धा गरेर महामन्त्रीमा निर्वाचित भएका थिए ।



- भेलामा महामन्त्री विश्वप्रकाश शर्मा र प्रदीप पौडेललाई पनि निम्तो
- आफ्नै समूहबाट महामन्त्री बनेका गगन थापा उपस्थित हुनेमा शंका
- कोशी प्रदेशको अपदस्थ सरकार र संघीय सरकारमा कांग्रेसको कामबारे प्रश्न गर्ने विषयमा छलफल हुने

यस्तै सभापति शेरबहादुर देउवाको प्यानलबाट महामन्त्रीमा प्रतिस्पर्धा गरी पराजित भएका पौडेललाई पनि कोइरालाले आफ्नो गुटको भेलामा निम्ता दिएका छन् । संसदीय दलको निर्वाचनमा पौडेलले देउवा गुट छाडेका थिए । कोइरालाले साउन पहिलो साता बसेको केन्द्रीय समिति बैठकअघि भने गुटगत भेला राखेका थिएनन् ।

### केन्द्रीय समितिमा के छन् एजेण्डा ?

नेपाली कांग्रेस सत्ता साझेदार पार्टी हो । प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारमा कांग्रेसबाट नौ जना मन्त्री छन् । कुनै मन्त्रीले राम्रो काम देखाउन सकेका छैनन् । केन्द्रीय समितिमा कांग्रेस संस्थापनइतरले यस विषयलाई जोडका साथ उठाउने तयारी गरेको छ । यसैगरी संविधानविपरीत कामका कारण कांग्रेसले कोशी प्रदेशमा दुईपटक सरकार गुमाएको छ । डा. शेखरले दुवैपटक कांग्रेस गठबन्धनको कदमको विरोध जनाएका थिए । यसै विषयमा पनि संस्थापनइतरले केन्द्रीय समितिमा आवाज उठाउने तयारी गरेको छ ।

(बाँकी पृष्ठ २ मा)

## स्थगित महोत्सव भोलि

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसले बिपी साहित्य महोत्सवको स्थगित कार्यक्रम बुधबार गर्ने भएको छ । संविधानसभाका अध्यक्ष एवं नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको निधनका कारण भदौ २६ गते तय गरिएको कार्यक्रम स्थगित भएको थियो ।

रूपस्थगित भएको तेस्रो र अन्तिम दिन (भाद्र २६ गते) को कार्यक्रम संविधान दिवसको अवसरमा असोज ३ गते बिहान १०:३० बजेदेखि साँझ ५:०० बजेसम्म पार्टीको केन्द्रीय कार्यालयमा आयोजना हुनेछ,' कांग्रेस प्रचार विभागका प्रमुख मीन विश्वकर्माले भने ।

भदौ २४ बाट सुरु भएको तीन दिने बिपी साहित्य सम्मेलनको तेस्रो दिन परिवारले बुझेका बिपी, बिपीको समाजवादी परिकल्पनामा शिक्षा, बिपीका आख्यानमा नारीलगायतका सत्र तय गरिएको थियो । तय गरिएका सबै कार्यक्रम बुधबार हुने कांग्रेसले जनाएको छ ।

## सन्दर्भ : वैदेशिक रोजगार

# वैदेशिक रोजगारीका श्रमिक आबद्ध हुने क्रम बढ्दो

### तीन लाख २० हजारभन्दा बढी श्रमिक सामाजिक सुरक्षा योजनामा जोडिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएर विदेश जाने श्रमिकहरू सामाजिक सुरक्षा योजनामा आबद्ध हुने क्रम बढेको छ । सरकारले यो योजना सञ्चालनमा ल्याएयता हालसम्म तीन लाख २० हजारभन्दा बढी श्रमिक आबद्ध भएको सामाजिक सुरक्षा कोषले जानकारी दिएको छ ।

सरकारले गत चैत ८ गतेदेखि वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य सूचीकृत हुनुपर्ने व्यवस्था गरेको थियो । सोही व्यवस्थाअनुसार वैदेशिक रोजगारीमा जाने श्रमिकले श्रम स्वीकृति लिनुअगावै कोषमा अनिवार्य सूचीकृत हुनुपर्ने व्यवस्था छ । सुरक्षा योजनामा आबद्ध भएका श्रमिकमार्फत हालसम्म ५९ करोड ३५ लाख रूपैयाँभन्दा बढी रकम जम्मा भएको कोषले जनाएको छ । सरकारले सुरक्षा योजनामा सहभागिता बढाउन वैदेशिक रोजगारी तथा स्वरोजगारीमा रहेका नेपालीलाई प्रमुख श्रम गन्तव्यका नियोगलाई समेत अनुरोध गरेका कारण योगदानकर्ता बढ्न थालेको बताइएको छ । विदेशमा रहेका श्रमिकहरूलाई समेत यस योजनामा आबद्ध गराउन जनचेतनाको काम भइरहेको कोषले उल्लेख गरेको छ ।




विदेशमा रहेका र नयाँ श्रम स्वीकृति लिएर जाने श्रमिकहरूको सुरक्षा योजनामा आबद्धता बढेसँगै योगदान रकम पनि वृद्धि हुँदै गएको कोषका प्रवक्ता विवेक पन्थीले बताए ।

(बाँकी पृष्ठ २ मा)

# रूपविदेशमा बस्ने नेपालीले मताधिकार पाउँछन्'

**वासिङ्टन डिसी (प्रस)–** परराष्ट्रमन्त्री एनपी साउदले विदेशमा बसेका नेपाली नागरिकलाई मताधिकार दिइने बताएका छन् । संयुक्त राष्ट्रसंघको ७८औं महासभामा भाग लिन न्युयोर्क आएका परराष्ट्रमन्त्री साउदले अमेरिकामा रहेका विभिन्न संघसंस्थाले आयोजना गरेका स्वागत तथा सम्मान कार्यक्रममा सम्बोधन गर्ने क्रममा सो कुरा बताएका हुन् ।

उनले विदेशमा बसेका नेपाली नागरिकलाई मताधिकार दिनका लागि गृह मन्त्रालयले प्रेषित गरेको पत्रलाई आफूले सैद्धान्तिक सहमति दिइसकेको उल्लेख गरे । मन्त्री साउदले विदेशमा बसेका नेपालीहरूको पासपोर्ट, भिसालगायतका समस्या सम्बोधन गर्न मन्त्रालयको सांगठानिक संरचनामा केही सुधारको पहल भइरहेको जानकारी दिए ।




जनसम्पर्क समिति अमेरिकाको आयोजना भएको कार्यक्रमलाई सम्बोधन गर्दै परराष्ट्रमन्त्री साउदले विदेशमा भएका नेपालीलाई स्वदेशमा फर्किने वातावरण बनाउनका लागि वर्तमान सरकारले काम गरिरहेको बताएका थिए । मन्त्री साउदले भने, रूपकेवल तपाईंहरूको ज्ञान, सीप र पुँजीमात्र नभई देश निर्माण प्रक्रियामा हातेमालो गर्न सरकार सदैव तयार छ ।'

गैरआवासीय नेपालीहरूले प्रजातान्त्रिक प्रक्रियाबाट नेतृत्व चयन गर्ने र त्यसरी चुनिएर आएको एकत्रित र बलियो संस्थाले मात्र विदेशमा बसेका नेपालीहरूको प्रतिनिधित्व गर्ने भएकाले यही भावनाअनुसार काम गर्न मन्त्री साउदले अनुरोध गरे ।

उनले अमेरिकाजस्तो प्रजातान्त्रिक मुलुकमा बसेर यहाँ हासिल भएको प्रजातान्त्रिक संस्कृति, संस्कार र व्यवहारलाई नेपालमा लैजान अनुरोध गरे । रूपतपाईंहरू विकसित र प्रजातान्त्रिक देशमा बसेर यहाँ जुन प्रक्रिया र प्रणाली अंगीकार गर्नुभएको छ त्यसको अभ्यासमा नेपाललाई लैजान म अनुरोध गर्दछु,' मन्त्री साउदले भने ।


## जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।
दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# संसद्मा दर्ता भएको विद्युत् विधेयकमा के छ ?



**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले रूपविद्युत् विधेयक, २०८०' संसद्मा दर्ता गरेको छ । मन्त्रालयले उक्त विधेयक भदौ २७ गते प्रतिनिधिसभामा दर्ता गराएको हो । तीन वर्षअघि पनि संसद्मा विद्युत् विधेयक दर्ता भएकामा गत वर्ष भदौ ३१ मा राष्ट्रिय सभाबाट फिर्ता भएको थियो ।

संघीय एकाइबीच विद्युत् आयोजनाको विकास तथा सञ्चालन गर्ने अधिकार, दायित्व तथा जिम्मेवारी बाँडफाँट गर्ने कानुनी व्यवस्था गर्ने उद्देश्य यो विधेयकको रहेको छ। त्यस्तै प्रतिस्पर्धाका आधारमा विद्युत् आयोजनाको विकास र सञ्चालन गर्ने कानुनी व्यवस्था र संरचना तयार गर्न विधेयक ल्याउन लागिएको मन्त्रालयले जनाएको छ ।

विद्युत् उत्पादन, प्रसारण, वितरण, व्यापार तथा ग्राहक सेवाका लागि अनुमतिपत्रसम्बन्धी व्यवस्थामा सुधार तथा परिमार्जन गर्न र अन्तरदेशीय विद्युत् व्यापारका लागि कानुनी व्यवस्था गर्न यो विधेयक ल्याइएको सरकारको भनाइ छ। राष्ट्रिय प्रसारण ग्रिड तथा वितरण प्रणालीमा खुला पहुँचको अवधारणा लागू गर्दै विद्युत् व्यापारलाई प्रवर्द्धन गर्ने नीति कार्यान्वयनका लागि पनि यो विधेयकमार्फत व्यवस्था गर्न लागिएको छ ।

### अनुमतिपत्रसम्बन्धी व्यवस्था

विद्युत् आयोजनाको अनुमतिपत्र लिँदा आयोजना विकास तथा सञ्चालनका लागि आवश्यक अनुमानित पुँजी, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदन, प्राविधिक तथा व्यावसायिक क्षमता र अनुभव, आयोजना सञ्चालन विधि, कार्यसम्पादन जमानत, वित्तीय व्यवस्थापनलगायतका विवरण बुझाउनुपर्नेछ ।

विधेयकमा विद्युत् आयोजनाको अनुमतिका लागि निवेदन प्राप्त भएको मितिले ६० दिनभित्र अनुमतिपत्र दिनुपर्ने उल्लेख छ । यसरी अनुमतिपत्र दिनुअघि सरोकारवालाको राय-सुझावका लागि आयोजनाको संक्षिप्त विवरणसहितको १५ दिनको सार्वजनिक सूचना जारी गर्नुपर्नेछ। अनुमतिपत्र दिन नमिल्ने भएमा त्यसको कारण खुलाई ६० दिनभित्र निर्णय गरी निवेदकलाई जानकारी दिनुपर्नेछ। विद्युत् विधेयकमा अनुमतिपत्रको अवधि पनि तोकिएको छ । जलाशययुक्त विद्युत् उत्पादन आयोजनाका लागि ४५ वर्ष र अन्य प्रकृतिका जलविद्युत् आयोजनाको हकमा ४० वर्षको अनुमतिपत्र दिन सकिने व्यवस्था राखिएको छ। जलस्रोतबाहेक अन्य स्रोतबाट विद्युत् उत्पादन गर्ने आयोजनालाई भने २५ वर्षको अनुमतिपत्र पाउनेछन् । विद्युत् प्रसारण, वितरण र व्यापार गर्ने आयोजनालाई २५ वर्ष तथा ग्राहक सेवातर्फका आयोजनालाई पाँच वर्षको अनुमतिपत्र दिनेगरी कानुनी व्यवस्था गर्न लागिएको छ ।

उत्पादित विद्युत् सोझै विदेशी बजारमा निर्यात गर्ने गरी प्रस्ताव गरिएको भएमा जलाशययुक्त आयोजनाको हकमा ४० वर्ष र अन्य प्रकृतिको जलविद्युत् आयोजनाको हकमा ३५ वर्षको विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गर्न सकिने व्यवस्था राखिएको छ । काबुबाहिरको परिस्थिति सिर्जना भई विद्युत् आयोजना विकास तथा सञ्चालनमा बाधा-अवरोध उत्पन्न भएमा त्यस्तो आयोजनाको लाभ, लागत, बिमा, क्षति र जोखिमसमेतको मूल्यांकन गरी विद्युत् उत्पादन अनुमतिपत्रको अवधि बढीमा पाँच वर्षसम्म थप गर्न सकिनेछ। अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रको अवधि समाप्त भएपछि जुन तहको सरकारबाट अनुमतिपत्र जारी भएको हो सोही तहको सरकार वा सोही तहको सरकारले तोकेको निकायलाई चालु अवस्थामै संरचना हस्तान्तरण गर्नुपर्नेछ ।

### रोयल्टी

विद्युत् उत्पादन तथा प्रसारण अनुमतिप्राप्त संस्थाले सरकारलाई बुझाउनुपर्ने रोयल्टीबारे पनि विधेयकमा व्यवस्था गरिएको छ । उत्पादक कम्पनीले विद्युत्को व्यापारिक उत्पादन सुरु गरेको १५ वर्षसम्म प्रतिजडित किलोवाट वार्षिक १०० रूपैयाँ जडित क्षमता रोयल्टी र प्रतियुनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको दुई प्रतिशतका दरले हुन आउने रकम ऊर्जा रोयल्टी तिर्नुपर्नेछ । उत्पादन सुरु भएको १५ वर्षपछि प्रतिजडित किलोवाट वार्षिक एक हजार २०० रूपैयाँ बराबर जडित क्षमता रोयल्टी र प्रतियुनिट सरदर मूल्यको १२ प्रतिशतका दरले हुन आउने रकम ऊर्जा रोयल्टीका रूपमा तिर्नुपर्नेछ ।

रूपक्याप्टिभ' उत्पादन तथा सहउत्पादन प्रयोजनका लागि स्थापित विद्युत् केन्द्रका लागि प्रतिजडित किलोवाट वार्षिक २०० रूपैयाँका दरले हुने आउने रकम रोयल्टी निर्धारण गरिएको छ । विद्युत् प्रसारण आयोजनाले प्राप्त शुल्कको पाँच प्रतिशतका दरले हुन आउने रकम रोयल्टी तिर्नुपर्नेछ। विद्युत् उत्पादन अनुमतिप्राप्त संस्थाले जुन मुद्रामा विद्युत् बिक्री गरेको हो सोही मुद्रामा रोयल्टी बुझाउनुपर्नेछ। प्रदेश वा स्थानीय तहबाट अनुमति लिएका संस्थाले पनि रोयल्टीबापतको रकम संघीय विभाज्य कोषमा जम्मा गर्नुपर्नेछ ।

### विद्युत् वितरण र अन्तरदेशीय व्यापार

अन्तरदेशीय विद्युत् व्यापारसम्बन्धी व्यवस्था पनि विधेयकमा राखिएको छ । विद्युत् व्यापारका लागि अनुमति लिनुपर्नेछ । यस्तो अनुमति पाएको संस्थाले पूर्ण वा आंशिकरूपमा विद्युत् खरिद गर्न सक्नेछ । विद्युत् व्यापार अनुमतिपत्र प्राप्त संस्थाले अन्तरदेशीय विद्युत् व्यापार गर्न मन्त्रालयबाट स्वीकृति लिनुपर्नेछ। व्यापार अनुमतिपत्र प्राप्त संस्थाबीच पनि आपसमा विद्युत् खरिद बिक्री गर्न सकिने गरी कानुनी व्यवस्था गर्न लागिएको छ । विद्युत् व्यापार कम्पनीले आफूले खरिद गरेको विद्युत् थोक वा खुद्रारूपमा बिक्री गर्न सक्नेछन् ।

ग्राहक सेवा अनुमति प्राप्त संस्थाले उत्पादन वा व्यापार अनुमति प्राप्त संस्थासँग विद्युत् खरिद गरी आफ्ना ग्राहकलाई विद्युत् सेवा उपलब्ध गराउन सक्नेछ । ग्राहकलाई वितरण वा आपूर्ति गरिरहेको विद्युत् पूर्वसूचना नदिई बन्द वा कटौती गर्न पाइने छैन। तर कुनै ग्राहकले तिर्नुपर्ने महसुल नबुझाएमा, प्रसारण तथा वितरण लाइनमा प्राविधिक समस्या देखिएमा तथा मर्मतसम्भार गर्नुपरेमा, प्राकृतिक विपद्का कारण आपूर्तिमा अवरोध भएमा भने विद्युत् कटौती गर्न सकिनेछ। विद्युत् आयोजनाको विकास तथा सञ्चालनका लागि एउटै संस्थालाई उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र नदिने व्यवस्था विधेयकमा राखिएको छ ।

### क्षेत्राधिकार

संघ, प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्रका विद्युत् आयोजनाको सम्भाव्यता अध्ययन गर्नुपर्नेछ । यसरी जलाशययुक्त आयोजनालाई प्राथमिकता दिनुपर्नेछ । ठूला विद्युत् आयोजना र दुई वा दुईभन्दा बढी प्रदेशको सिमानामा पर्ने विद्युत् आयोजनाको हकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट स्वीकृति लिनुपर्नेछ । यस्ता आयोजनाको विकास र सञ्चालनको अधिकार संघ सरकारलाई मात्रै हुनेछ । प्रदेशस्तरको विद्युत् आयोजना तथा दुई वा दुईभन्दा बढी स्थानीय तहको सिमानामा पर्ने पाँच मेगावाटसम्म जडित क्षमता भएको विद्युत् आयोजनाको स्वीकृति प्रदेश सरकारले दिन सक्नेछ। स्थानीय तहबाट विकास र सञ्चालन हुने पाँच मेगावाट क्षमताका आयोजनाको स्थानीय तहले स्वीकृति दिन सक्नेछन् । *रासस*

## समान व्यवस्था गर्न इपानको माग

**काठमाडौं (प्रस)–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इपान)ले सरकारले संघीय संसद्मा पेस गरेको रूपविद्युत् विधेयक २०८० ' मा सरकार र निजी क्षेत्रलाई गरिएको छुट्टाछुट्टै व्यवस्थामा सुधार गर्नुपर्ने माग गरेको छ ।

इपानले आइतबार पत्रकार सम्मेलनमार्फत प्रतिस्पर्धा गराएर विद्युत् आयोजना विकास गर्ने व्यवस्था राम्रो भए पनि सरकार र निजी क्षेत्रलाई छुट्टाछुट्टै व्यवस्था गर्न नहुने बताएको हो। इपानका अध्यक्ष गणेश कार्कीले विद्युत् वितरण तथा ग्राहक सेवाको अनुमतिपत्र जारी गर्ने र निजी क्षेत्रका लागि विद्युत् व्यापारको ढोका खोल्ने विषय महत्त्वपूर्ण र स्वागतयोग्य भएको बताए ।

अध्यक्ष कार्कीले विद्युत् उत्पादनमा ७० प्रतिशत हिस्सा ओगटेको निजी क्षेत्रलाई थप सहजीकरण हुनुपर्नेमा जोड दिए । उनले निजी क्षेत्रलाई केही विषयमाबाहेक निषेध गर्ने गरी विद्युत् विधेयक ल्याइएकामा गुनासो गर्दै त्यसमा सुधारको आवश्यकता औंल्याए । अध्यक्ष कार्कीले निजी क्षेत्र प्रतिस्पर्धाबाट भाग्न नखोजेको स्पष्ट पारे । राम्रा आयोजना सबै सरकारले नै बनाउने र सरकारले छोडेका आयोजनामात्रै निजी क्षेत्रमा प्रतिस्पर्धामा लैजाँदा नेपालको विद्युत् सस्तो हुनुको साटो महँगो हुने र यसले औद्योगिकीकरणदेखि आर्थिक वृद्धिसम्म सबैतिर प्रभाव पार्ने उनको भनाइ छ ।

सरकारले बनाएका आयोजना निजी क्षेत्रको भन्दा महँगो भएको तथ्य महालेखापरीक्षकले नै उल्लेख गरेको स्पष्ट पार्दै उनले निजी क्षेत्रले सस्तोमा बनाउनसक्ने आयोजना सरकार आफैंले विनाप्रतिस्पर्धा बनाउँदा त्यसको लागत थप महँगो हुने धारणा राखे । इपान महासचिव बलराम खतिवडाले प्रस्तावित विधेयकमा निजी क्षेत्रलाई विद्युत् व्यापारको ढोका खोल्न लागेकाले विद्युत् उत्पादनमा जसरी नै विद्युत् निर्यातमा थप सहज हुने बताए ।

सबै क्षेत्रलाई समान रूपमा प्रतिस्पर्धा गर्ने व्यवस्था भएमा मात्र स्वदेशमा विद्युत्को मूल्यमा प्रतिस्पर्धा भई नेपालीले सहुलियतमा विद्युत् पाउने, विद्युत् खपतमा वृद्धि हुने, छिमेकी देशहरूको तुलनामा नेपालमा विद्युत् महसुल कम भई ठूलठूला उद्योग स्थापना हुने वातावरण बन्ने, रोजगारी सिर्जना हुने, सरकारलाई राजस्व बढ्ने र यसले देशलाई नै समृद्ध बनाउन सहयोग पुग्ने उनको भनाइ छ। विधेयकमा विद्युत् उत्पादनमा निजी क्षेत्रको भूमिकालाई कमजोर पार्ने खालका केही विषय राखिएकाले त्यसलाई सुधार गर्नुपर्ने इपानको माग छ ।

## वैदेशिक...

पृष्ठ १ बाट जारी

रूपअहिलेसम्म सुरक्षा योजनामा सहभागी भएकामध्ये अधिकांश वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिन आवेदन दिएका श्रमिक रहेका छन्,' उनले भने, रूपविदेशमा रहेका थप श्रमिकलाई योजनामा आबद्ध गराउन जनचेतनाको काम पनि सँगसँगै गरिरहेका छौं ।' कोषमा मासिकरूपमा झण्डै १० करोड रूपैयाँको दरले योगदान भइरहेको पन्थीले बताए ।

योगदान रकममध्ये वृद्धावस्था सुरक्षा योजनामा ३८ करोड ५९ लाख र दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामारु २० करोड ७५ लाख पैयाँ संकलन भएको कोषले जनाएको छ। सरकारले औपचारिक क्षेत्रका श्रमिकमात्रै योजनामा समावेश गर्दै आएकोमा चैत पहिलो साताबाट वैदेशिक रोजगारीमा रहेका सबै श्रमिकलाई योजनामा सामेल गराउन सुरु गरेको थियो। सरकारले वैदेशिक रोजगारीमा रहेका र जाने तयारी गरेका श्रमिकको सुरक्षाका लागि योजनालाई अनिवार्य गरेको हो। यद्यपि, कोषमा जम्मा हुने रकमको सुरक्षाका सम्बन्धमा धेरै श्रमिक अन्योलमा रहेको कोषले जनाएको छ ।

रूपयोगदानकर्ताले वै देशिक रोजगारीमा जान श्रम स्वीकृति लिने बेला र श्रम स्वीकृति नवीकरण गर्ने समयमा यस योजनामा सहभागी हुन सक्नेछन्,' प्रवक्ता पन्थीले भने, रूपनवीकरण गर्ने बेला नभएकाहरू पनि वैदेशिक रोजगार विभाग र सामाजिक सुरक्षा कोषको सहकार्यमा तयार गरिएको अनलाइन प्रणालीमार्फत सूचीकृत हुनसक्ने व्यवस्था मिलाइएको छ ।'

वैदेशिक रोजगारीमा ४० लाख नेपाली श्रमिक रहेको अनुमान गरिए पनि २२ लाखलाई समेट्ने तयारीका साथ सामाजिक सुरक्षा योजना सञ्चालनमा ल्याइएको कोषले जनाएको छ। योजनामा आबद्ध हुन चाहने श्रमिकले मासिक न्यूनतम दुई हजार दुई रूपैयाँ योगदान गर्नुपर्नेछ भने अधिकतम २८ हजार १५५ रूपैयाँसम्म योगदान गर्न सक्नेछन् । सरकारले कोषमा छ महिनासम्मको एकमुष्ट रकम जम्मा गरे १० प्रतिशत छुट दिने व्यवस्था गरेको छ। श्रमिकले न्यूनतम पारिश्रमिकको २१.३३ प्रतिशत कोषमा योगदान गर्नुपर्नेछ । सरकारले नौ हजार ३८५ रूपैयाँ न्यूनतम पारिश्रमिक निर्धारण गरेको छ ।

सामाजिक सुरक्षा योजनामा आबद्ध भएपछि वैदेशिक रोजगारीमा रहेका श्रमिकले दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा सुविधा पाउनेछन् । योगदानकर्ताले आफूले जम्मा गरेको रकम र कोषले लगानी गर्ने उक्त रकमबाट प्राप्त हुने प्रतिफललाई जोडेर हुन आउने कूल योगदान रकम एकमुष्ठ लिने वा सो रकमलाई १६० ले भाग गर्दा हुन आउने रकमलाई वृद्धावस्थामा निवृत्तिभरणबापत मासिकरूपमा लिन सकिने व्यवस्था कोषले गरेको छ। यतिमात्र नभई कुनै कारण योगदानकर्ता दुर्घटनामा परे एक लाख रूपैयाँसम्म उपचार खर्च पाउनेछन् ।

त्यस्तै विदेशमा रहेका योगदानकर्ताको मृत्यु भएमा निजको पति वा पत्नीले निवृत्तिभरण, सन्ततिलाई शैक्षिक वृत्ति र अन्तिम संस्कार खर्च उपलब्ध गराउने कोषले जनाएको छ। त्यसैगरी जुनसुकै कारणबाट मृत्यु भए पनि न्यूनतम आधारभूत पारिश्रमिकको ४० प्रतिशतका दरले जीवनभर निवृत्तिभरण पाउने जनाइएको छ ।

## केन्द्रीय...

पृष्ठ १ बाट जारी

त्यसैगरी कांग्रेसले विधानअनुसार चल्नुपर्ने धेरै विभागहरू गठन गर्न सकेको छैन । भदौ तेस्रो साताबाट गर्ने भनिएको रूपसमुदायमा कांग्रेस' कार्यक्रम स्थगित गरेर राखेको छ । महाधिवेशन सम्पन्न भएको २१ महिना बित्दा पनि देउवाले पार्टीको विभाग गठन गरेका छैनन् । पार्टी विधानअनुसार ७० वटा विभाग गठन गरिनुपर्नेमा देउवाले अहिलेसम्म १६ वटा विभागमा संयोजक तोक्ने काममात्र गरेका छन् ।

विभाग गठन नगरेको, सरकारले जनतामा भरोसा जगाउने गरी काम गर्न नसकेको, पार्टीबाट सरकारमा सहभागी सदस्यको भूमिकालगायत विषयमा साझा धारणा बनाउने प्रयोजनका लागि भेला राखेको कोइराला निकट एक पदाधिकारीले जानकारी दिए ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०५/२५ गते ललितपुर जिल्ला, थसिखेल ४, पार्किङ गरिराखेको अवस्थामा 200cc पल्सर कालो रंगको मोटरसाइकल रातको अन्दाजी १९:०० देखि २४:०० बजे भित्रको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**कम्पनीको नाम:** Hulash Fin Serve
**धनीको नाम :** सन्जिब कार्की
**बाइक नं.:** बा प्र. ०२-३७ प ५८१९
**च्यासिस नं.:** MD2A13EX1NCL81995
**इन्जिन नं. :** DKXCNK36322
**ठेगाना:** कुमारीपाटी, ललितपुर



**सुयोग बहुउद्देश्यीय सहकारी संस्था लि.**
**मानभवन-२०, ललितपुर**

**धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८०/०६/०२**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले तपसिलमा उल्लेखित घर जग्गा धितो राखी यस सहकारी संस्थाको कर्जाको लिखत बमोजिम ऋण उपभोग गरी यस संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज र हर्जना रकम समेत तिर्न बुझाउन पटक पटक मौखिक र लिखित तरताकेता गर्दा तपाईले ऋण रकम नबुझाउनु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (क) बमोजिम बुझाउनु पर्ने ऋण रकम, व्याज र हर्जनासमेत उल्लेख गरी ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिनको अन्तिम ताकेताको म्याद बुझाउँदा समेत तपाईले ऋण कर्जा सम्बन्धी लिखतको शर्त तथा बन्देजहरु उल्लंघन गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (ख) बमोजिम लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित गरिएको छ । यस धितो लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थालाई तिर्नु बझाउनु पर्ने रकम नबुझाएमा ३६ औं दिनमा धितोमा रहेको घर जग्गाको चलनचल्तीको मोल कायम गरी उक्त रकमबाट डाँक बढाबढ गरी यस संस्थाको मुख्य कार्यालय ललितपुर महानगरपालिका वडा नम्बर २० मानभवनमा लिलाम कार्य गरिनेछ । लिलाम हुने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खोल्ने समयदेखि शुरु गरी ४ बजे बन्द गरिनेछ ।

**तपसिल**

| जग्गा धनीको नाम | जिल्ला/ गा.वि.स../न.पा. | कित्ता नं. | क्षेत्रफल/व.मि. | ऋणिको फोटो |
|---|---|---|---|---|
| १. श्रीमाती चन्दा सिटौला | लेले वडा नं. २ ग | ६५० | ०-५-०-० ( रोपनी) |  |
| | | | १५८.९५ | |


## तीजमा...

पृष्ठ १ बाट जारी

### पशुपतिमा पाच लाख दर्शनार्थी

हिन्दू नारीहरूको महान् पर्व तीजका अवसरमा पशुपतिनाथ मन्दिरमा करिब पाँच लाख दर्शनार्थीले दर्शन, एवं पूजा आराधना गरेका छन् । बेलुकी ७ बजेसम्म करिब पाँच लाख भक्तजनले पशुपतिनाथ मन्दिरमा दर्शन गरेको कोषका कार्यकारी निर्देशक डा. घनश्याम खतिवडाले जानकारी दिए । पशुपति क्षेत्रमै आउने भक्तजन भने अझै बढी थिए । आएका धेरै भक्तजनले भने लाम बस्नुपर्ने भएकाले मूल मन्दिरभित्र प्रवेश नगरी परिसरबाटै गजुरको दर्शन गरेर फर्किएका छन् ।

बेलुकी आरती चलिरहेका बेला पनि पशुपति क्षेत्रमा भक्तजनको उत्तिकै भीड रहेको उनले सुनाए। भाद्र शुक्ल तृतीयका दिनमा सोमबार देवादिदेव महादेवको पूजा आराधना गरी महिलाले हरितालिका (तीज) पर्व मनाएका हुन् ।

पर्वका अवसरमा सोमबार पशुपतिनाथ मन्दिरमा बिहानैदेखि भक्तजनको भीड लागेको थियो । पशुपतिनाथ मन्दिरमा यस वर्ष विगतभन्दा सहजरूपमा दर्शन गर्न पाइएको भक्तजनले बताएका छन् । पन्ध्र वर्षपछि पशुपतिनाथको पूर्वी ढोका खोलेपछि भक्तजनलाई दर्शनमा सहज भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

राजधानीको उत्तरपूर्वी भेगका गोकर्णेश्वर र नागेश्वर मन्दिर, भक्तपुरको डोलेश्वर, ललितपुरको सन्तानेश्वरलगायत काठमाडौं उपत्यका र देशभरका शिवालयमा बिहानैदेखि भक्तजनको भीड लागेको थियो । भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव पार्वतीको पूजा, उपासना गरेमा सुख, शान्ति र कल्याण प्राप्ति हुने धार्मिक विश्वास छ। सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने वरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छाविपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरूलाई आफ्नो समस्या सुनाइन् ।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरूले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए। साथीहरूले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई पतिका रूपमा प्राप्त गरिन् । यसरी पार्वती साथीहरूद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन सुरु भएको धर्मशास्त्रीय मत छ ।

समग्रमा मनोकामना पूर्ण गराउने र सम्पूर्ण परिवारको कल्याणका लागि यो व्रतको प्रयोजन रहेको धर्मशास्त्रीहरूको मत छ। आत्मावादी र ईश्वरवादी दुवैले यो व्रत लिने गरेका छन्। समग्रमा परिवारको यस लोकमा सुख, शान्ति र पारलौकिक सद्गतिका लागि तीजको व्रतको महत्त्व छ ।

आइतबार राति दर खाएपछि औपचारिकरूपमा सुरु भएको तीज पर्व ऋषि पञ्चमीसम्म मनाइन्छ। तृतीयाका दिन हरितालिका व्रत, चौथीका दिन गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ। यस वर्ष चौथी र पञ्चमी एकैदिन परेकाले दुवै पर्व आज (मंगलबार) नै मनाइने नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ ।



















**तीजको रौनक**

(१) हरितालिका तीजको दिन सोमबार पशुपतिनाथ मन्दिरको दर्शन गर्न जाँदै महिला । (२) पशुपतिनाथ मन्दिर परिसरमा तीजको गीतमा नाच्दै विदेशी महिला । (३) र (४) पशुपतिनाथ मन्दिरमा तीजको गीतमा नाच्दै गरेका महिलाहरु । (५) घोराही उपमहानगरपालिका-१७ गुलेरियास्थित शिवपार्वती तथा राधाकृष्ण मन्दिरमा सोमबार तीज पर्वको अवसरमा सामूहिक पूजा गर्दै स्थानीय महिला । (६) हरितालिका तीजको अवसरमा जुम्ला सदरमुकाम खलंगा बजारमा यहाँका स्थानीयवासी खस भेषभुषामा देउडा खेल्दै ।

*तस्बिरहरू: रासस*

# तीजको परम्परा जोगाउनै गाह्रो

■ **गीता पराजुली**

**काठमाडौं–** सोमबार व्रत बसेर तीज पर्व मनाइरहेकी भक्तपुरकी ४० वर्षीया मीना श्रेष्ठलाई गएको करिब महिनादिनदेखि तीज लागिरहेको छ । तीज आउनु एक महिना अगाडिदेखि नै विभिन्न समूह, सहकारी, आफन्तबीचमा दर खाने कार्यक्रम चलिरहन्छ, जुन तीजको दरखाने दिनसम्म नै जारी रहन्छ । रूपभदौ पहिलो हप्तामै नेवाः चुलोमा नेवारी खाजा समयबजी खाएर दर खाने कार्यक्रम सुरु गरियो,' उनले हाँस्दै सुनाइन्, रूपदर खाने दिनसम्म नै यो क्रम चल्यो ।'

भदौ लागेदेखि नै प्रत्येक शनिबार र बिदाको दिन दरखाने कार्यक्रम हुँदै आए पनि आफू भने ती कार्यक्रममा सहभागी नभएको कौशलटारकी दुर्गा सत्याल बताउँछिन् । तीज आउनु एक महिना अघिदेखि नै यस्ता दरखाने कार्यक्रम राख्नुलाई उनी राम्रो ठान्दिनन् । उनी भन्छिन्, रूपतीज भनेको त सांस्कृतिक चाड हो, महिलाहरूको विशिष्ट चाड भएकाले यसलाई सोहीअनुरूप मनाउन सकिएन भने एक दिन यो पर्वले विकृत रूप लिनसक्छ । त्यसैले हाम्रो संस्कृति हामीले नै बचाउने हो, अरुलाई दोष दिएर हुँदैन ।'

अघिल्ला वर्षहरूमा आफू केही कार्यक्रममा गएको अनुभव सुनाउँदै उनी त्यस्ता दर खाने कार्यक्रमको रूपमेनु' हेर्दा आफू चकित परेको बताउँछिन् । मदिरा र मासुका परिकार खाँदै विदेशी गीतमा नाच्नुमा तीजको रौनक नआउने उनको अनुभव छ । उतिबेला आफूले गाउने गरेको तीज गीत सत्यालले यसरी सम्झँदै भन्छिन्- रूपहे... बाबा लिन आउनुभयो वर्ष दिनको तीजलाई पठाइदिनुस् स्वामी राजा दुई दिनलाई ।'

रूपदरखाने अघिल्लो दिन माइतीबाट दाजुभाइ लिन जाने चलन थियो । घरबाट श्रीमान्, सासू, ससुराले बिदा दिए त माइत गइन्थ्यो, नदिए घरमै रुँदै बस्नुको विकल्प हुँदैनथ्यो,' ती दिन सम्झँदै मीनाले भनिन्, रूपसाथीसंगी र आफन्तसँग बसेर सबै पीडा, दुःख मेट्ने यो जत्तिको उपयुक्त चाड महिलाका लागि अरू छैन ।' उनको पुर्ख्यौली घर अर्घाखाँची हो ।

तीजमा गाउने गीतको भाका र विशेषता अलग्गै भएको बताउने उनले उतिबेलाको तीज गीतलाई यसरी स्मरण गरिन् ।

*छोरी मान्छे भएर बस्नु घरै स्याहारी*
*दिदीबहिनी आउँछन् मेरा नजाउ पियारी*
*दुई दिन माइत जान पाइन तीजका बेलामा*
*म चेलीको आँसु झर्‍यो दैलो ठेलामा ।*

गोरखाको मैलुङमा बाल्यकाल बिताएकी मध्यपुरथिमीकी राधिका देवकोटा पन्त २०४२ तिरको तीज सम्झँदै पुलकित हुन्छिन् । श्रीकृष्ण जन्माष्टमीको रातदेखि नै आमा दिदीबहिनी जम्मा भएर हरेक रात खानापछि हातले दाम्लो बाट्दै, मकै छोडाउँदै घन्टौंसम्म गीत गाएर बसेको स्मरण उनीसँग छ । उनले बारीमै पाकेका काँक्राको अचार हाल्ने, घिउ र मसलाको जोहो गर्नेमात्र होइन तीजभरिलाई पुग्ने दाउरा, घाँसको व्यवस्था गरेर महिला तीज मनाउन माइत जाने उनको अनुभव छ ।

रूपदर खाने दिन माइत पुगेपछि राति १२ बजे उठेर घिउ, भात, तरकारी टन्न खाइन्थ्यो, तीजको दिन निराहार व्रत बसेर विभिन्न मठ, मन्दिरमा दर्शन गर्दै गीत गाउने र नाच्ने गरिन्थ्यो,' विगत सम्झँदै राधिकाले भनिन्, रूपभोलिपल्ट पञ्चमीको पूजा लगाएर बा, आमा, दाजुभाइ, साथीसंगी सबैलाई छोडेर माइतीबाट गह्रौं मन बनाएर पुनःघर फर्किनुहुन्थ्यो आमाहरू ।'

राधिका, दुर्गा र मीनालाई अहिलेको तीज मनाउने प्रचलन पटक्कै मन परेको छैन । यो बीचमा आएका निकै उतारचढावले संस्कृतिमा पारेको प्रभावबारे जानकारहरू चिन्ता गर्छन् । फेसबुक, टिकटक, इन्स्टाग्रामलगायत सामाजिक सञ्जालमा पोस्ट गर्न, लाइक गर्न र कमेन्ट हेर्न रुचाउनेको भीडले संस्कृति जोगाउन नसकेको उनीहरूको तर्क छ ।

वाल्मीकि क्याम्पसकी उपप्राध्यापक तनुजा दाहाल तीज मनाउने तरिका वा समय लामो देखिए पनि आफन्तको बीचमा हुने भेटघाट र मनोरञ्जन आदानप्रदानबाट मानसिक तनाव न्यूनीकरण गर्न मद्दत गरेको बताउँछिन् । तीज मनाउने प्रचलनमा देखिएको भिन्नताबारे उनी भन्छिन्, रूपपरिवारको विस्तृतीकरण, आर्थिक सम्पन्नता, नारीहरूको कार्यव्यस्तता आदि कारणले तीज प्रचलनमा फरकपना देखिएको हो ।' धर्म र पर्वको सही प्रयोग गर्नसके संस्कार र संस्कृतिको वास्तविक सम्मान, संरक्षण र संवर्द्धन हुनसक्ने दाहालको भनाइ छ ।

तीज र यस्तै हाम्रा धार्मिक सांस्कृति पर्वहरूका आफ्नै मूल्य मान्यताहरू रहेका छन् । तिनको अनुशरण गर्न सक्यौं भनेमात्र हाम्रा परम्पराहरू पनि आगामी पुस्तामा पुस्तान्तरण हुँदै जानेछन् । अन्यथा खानपिन र रंग रमाइलो मात्र गर्ने क्रम पुस्तान्तरण हुने तर खास परम्परा र संस्कार भने लोप हुने खतरा देखिन्छ । *रासस*

# पशुपति दर्शनमा सहज

**काठमाडौं (प्रस)–** विगतका वर्षको तुलनामा यस वर्ष पशुपति क्षेत्रमा हरितालिका (तीज) पर्व व्यवस्थित पाइएको छ । पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने भक्तजनका लागि स्वयंसेवकमा निगरानी गरेपछि व्रतालु महिलाले सहजरूपमा दर्शन गर्न पाएका हुन् । विगत वर्षमा सयौंको संख्यामा ज्याकेट एवं परिचयपत्र बोकेका स्वयंसेवकले नै दर्शनार्थीलाई मन्दिर प्रवेशमा असहज वातावरण बनाएको सूचना पाएपछि कोषले यो वर्ष व्यवस्थित गरेको हो ।

विगत वर्षमा स्वयंसेवकले नै लाम बाहिरका मानिसलाई अनियमित रूपमा लामको बीचबाट प्रवेश गराएको सूचना पाएपछि उनलाई बाहिर निकालिएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले बताए । विगत वर्षमा पशुपतिनाथ मन्दिरको मूल मन्दिर परिसरबाहिर विभिन्न संघसंस्थाको ज्याकेट र परिचयपत्र लगाएर स्वयंसेवा गर्नेकै भीड लाग्थ्यो ।

कोषले स्वयंसेवक परिचालनका लागि ज्याकेटको व्यवस्था नगरेपछि पश्चिम ढोकाअघि व्रतालु महिला, सञ्चारमाध्यमका प्रतिनिधि एवं फोटो पत्रकार सीमित संख्यामा नेपाल स्काउटका स्वयंसेवक खटिएको देखिन्थ्यो ।

कोषले लाम व्यवस्थापन, स्वयंसेवक परिचालन, स्वास्थ्य शिविर एवं निःशुल्क पानी वितरणलगायतमा मात्र सीमित संख्यामा स्वयंसेवकको पास दिइएको थियो । साउनको सोमबार, तीज, बाला चतुर्दशी, महाशिवरात्रि, अक्षय तृतीया, नयाँ वर्षको दिन वैशाख १ गतेलगायत पर्वमा पशुपति क्षेत्रमा खटिने भक्तजनलाई व्यवस्थित गर्न स्वयंसेवक खटाउने गरिएको थियो ।

पशुपति क्षेत्र रहेको काठमाडौं महानगरपालिका वडा नं. ८ का अध्यक्ष आशामान संगत कोषले यसवर्ष स्वयंसेवक परिचालनमा नियमन गरेकैले दिउँसोसम्म यस क्षेत्रको सिनामंगल-चावहिल क्षेत्रको चक्रपथमा सहजरूपमा सवारी चलेको बताए । पशुपति क्षेत्रभित्र पनि तीज पर्व व्यवस्थित देखिएको उनको अनुभव छ । पशुपति क्षेत्रमा स्वयंसेवकलाई अनावश्यक रूपमा नखटाउन स्थानीय सरकारका तर्फबाट वडा कार्यालयले पनि अनुरोध गरेको वडाध्यक्ष संगतले सुनाए ।

**मनाङ वेभरेजेज प्रा. लि.**

*भ्याट नं.: ६०९७१६७०८, अन्तशुल्क इजाजत नं.: २२०१०१०६७९७*

मनाङ डिस्याङ्ग गा.पा.-१, पिसाङ, भ्राताङ, मनाङ

**मनाङ वेभरेजेज प्रा. लि. द्वारा उत्पादित वाइनहरूको मूल्यसूची सम्बन्धी सूचना**

यस उधोगद्वारा उत्पादित निम्न ब्राण्डका वाइन नेपाल अधिराज्यभरी मिति २०८०/०६/०५ गते देखि लागु हुने गरि निम्न बमोजिम मुल्यमा विक्रि वितरण गरिने भएकोले सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशित गरिएको छ

| ब्राण्डको नाम | प्याकेजिङ्ग | स्टकिष्ट मुल्य मु.अ.कर समेत प्रति कार्टुन | स्टकिष्ट कमिशन मु.अ.कर समेत प्रति कार्टुन | नेशनल डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | नेशनल डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | रिजनल डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | रिजनल डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | होलसेल मुल्य मु.अ.कर समेत प्रति कार्टुन | होलसेल कमिशन मु.अ.कर समेत प्रति कार्टुन | रिटेलर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | रिटेलर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | उपभोक्ता मुल्य मु.अ.कर समेत प्रति कार्टुन | उपभोक्ता मुल्य मु.अ.कर समेत प्रति एकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Manang Valley Premium** *(Sweet)* | १२x७५० एम एल | ६५००/- | २०००/- | ८५००/- | ६००/- | ९१००/- | ५००/- | ९६००/- | ७००/- | १०३००/- | ५००/- | १०८००/- | १५००/- | १२३००/- | १०२५/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | १२x७५० एम एल | ६५००/- | २०००/- | ८५००/- | ६००/- | ९१००/- | ५००/- | ९६००/- | ७००/- | १०३००/- | ५००/- | १०८००/- | १५००/- | १२३००/- | १०२५/- |
| **Manang Valley Premium** *(Sweet)* | २४x३७५ एम एल | ६८००/- | २०००/- | ८८००/- | ६००/- | ९४००/- | ५००/- | ९९००/- | ७००/- | १०६००/- | ५२०/- | १११२०/- | १६००/- | १२७२०/- | ५३०/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | २४x३७५ एम एल | ६८००/- | २०००/- | ८८००/- | ६००/- | ९४००/- | ५००/- | ९९००/- | ७००/- | १०६००/- | ५२०/- | १११२०/- | १६००/- | १२७२०/- | ५३०/- |
| **Manang Valley Premium** *(Sweet)* | ४x४ लि. बक्स | ८९००/- | २५००/- | ११४००/- | ८००/- | १२२००/- | ७००/- | १२९००/- | ९००/- | १३८००/- | ६००/- | १४४००/- | २१२०/- | १६५२०/- | ४१३०/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | ४x४ लि. बक्स | ८९००/- | २५००/- | ११४००/- | ८००/- | १२२००/- | ७००/- | १२९००/- | ९००/- | १३८००/- | ६००/- | १४४००/- | २१२०/- | १६५२०/- | ४१३०/- |

नोटः उल्लेखित मुल्यमा आवश्यकता अनुसार व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरु सोधभर्ना उपलव्ध गराउन सकिनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# प्रतिबद्धतामा सीमित नहोस् मताधिकारको सवाल

प्रधानमन्त्री पुष्पकमल दाहाल यतिखेर अमेरिकामा छन् । संयुक्त राष्ट्रसंघको ७८औं महासभामा भाग लिन उनी नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै अमेरिका पुगेका हुन् । अमेरिकामा पुगेका बेला उनले त्यहाँस्थित नेपाली सञ्चारकर्मीहरूसँग विदेशमा रहेका नेपालीलाई मताधिकार प्रदान गर्ने बताए । यसका लागि निर्वाचन आयोगलाई निर्देशन दिइसकेको उनको भनाइ थियो ।

प्रधानमन्त्रीसँगै अमेरिका भ्रमणमा रहेका परराष्ट्रमन्त्री एनपी साउदले पनि सोही कुरा बताए । जनसम्पर्क समिति अमेरिकाले आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्ने क्रममा उनले उक्त कुरा बताएका हुन् । विदेशमा बसेका नेपाली नागरिकलाई मताधिकार दिनका लागि गृह मन्त्रालयले प्रेषित गरेको पत्रलाई आफूले सैद्धान्तिक सहमति दिइसकेको उल्लेख गरे परराष्ट्रमन्त्री साउदले ।

प्रधानमन्त्री दाहाल र परराष्ट्रमन्त्री साउदले व्यक्त गरेको यो प्रतिबद्धता नयाँ होइन । सरकार प्रमुख होस् या राजनीतिक दलका नेतृत्वले विदेशमा रहेका नेपालीहरूमाझ यस्तो प्रतिबद्धता व्यक्त गर्दै आएको वर्षौं बितिसक्यो तर व्यवहारमा विदेशमा रहेका नेपालीहरूले मताधिकार पाएका छैनन् । यद्यपि, पछिल्लोपटक भने सरकारले यसलाई कार्यान्वयनमा लै जानेगरी तयारी थालेको छ जुन सकारात्मक छ । तर, अझै पनि विदेशमा रहेका नेपालीको मताधिकार सुनिश्चित हुनेमा आशंका कायमै छ ।

निर्वाचन आयोगले विदेशमा रहेका नेपालीहरूलाई मतदानमा सहभागी गराउन आवश्यक तयारी अगाडि बढाएको केही समयअघि जानकारी गराएको थियो । अहिलेसम्म विदेशमा कति नेपाली मतदाता छन् भन्ने नै यकीन छैन । त्यसैले सुरुमा त मतदाता सूचीकरण गर्नुपर्ने हुन्छ । यसका लागि पनि चुनौती रहेको बताइन्छ । सरकारले त्यो चुनौतीलाई कसरी सम्बोधन गर्छ भन्ने हेर्न बाँकी नै छ ।

विदेशमा नेपालीहरू पढाइ, रोजगारी र व्यवसायको सिलसिलामा रहेका छन् । उनीहरूलाई कसरी मताधिकार सुनिश्चित गराउने, मतदान कसरी गराउने भन्नेबारे विभिन्न बहस भइरहेको छ । ठूलो संख्यामा विदेशमा रहेका नेपालीहरूले लामो समयदेखि माग गर्दै आएको मताधिकारको विषयलाई सम्बोधन गर्नैपर्छ । तर, विगतमा जस्तो आश्वासनले मात्रै त्यो सम्भव छैन । विदेशमा रहेका नेपालीहरूलाई आफू र आफ्नो पार्टीमा आकर्षित गर्न मात्र त्यस्तो आश्वासन दिने कार्य बन्द गर्नुपर्छ ।

विदेशबाट रेमिटचान्स पठाएर मुलुकको अर्थतन्त्रमा योगदान गरिरहेकाहरूलाई मताधिकार सुनिश्चित गर्नु आवश्यक छ । त्यसैले प्रधानमन्त्री र परराष्ट्रमन्त्रीले अमेरिकामा पुगेर नेपालीहरूमाझ गरेको प्रतिबद्धता पूरा होस् । यसपटक केही प्रक्रिया अगाडि बढिसकेकोले प्रधानमन्त्री र परराष्ट्रमन्त्रीको प्रतिबद्धता पूरा हुने अपेक्षा गर्न सकिन्छ । तर, अझै ढुक्क भइहाल्ने अवस्था बनिसकेको छैन । आगामी निर्वाचनसम्म विदेशमा रहेका नेपाली जहाँ छन् त्यहीँबाट मतदान गरी नेपालमा सक्षम नेतृत्व चयन गर्ने प्रक्रियामा सहभागी हुन पाउने वातावरण बनोस् । यसका लागि सरकार र राजनीतिक दलहरूलाई दबाब दिने कार्यलाई जारी राखौं ।

## मनन्योग्य

### चाणक्य नीति

चाणक्य आउनासाथ सबै चूप ! उपस्थित सबैतिर दृष्टि दिँदै आसन ग्रहण गर्न संकेत गरे । आफू पनि आसनमा बसे । चाणक्यले भने- सम्मानित समाज यस सभामा तपाईहरूको दर्शन भयो यो मेरो सौभाग्य हो, यो सभामा नडराई आफ्नो आपत्ति भन्नुहोस् ।

यो चाणक्यको ओजस्वी बोलीको चमत्कार थियो, पण्डित समूह प्रतिरोध गर्न खडा हुनमा झन्झट मानिरहेथे । धेरै अन्तककद्वन्द्वपछि एक ब्राह्मण साहस गर्दै आफू रिसाई बोल्न थाले- रूपम मगधका नागरिकका तर्फबाट सोच्छु के युनानी राजकुमारी एवम् विजातीय कन्या हेलनसँग मगध सम्राट् चन्द्रगुप्तको विवाह गरिदैछ ? यो अधर्म हो, सन्तान वर्ण सङ्कट हुन्छ, धर्मले यसको स्वीकृति दिँदैन ।

यस कुराले सबैलाई बल मिल्यो सबैने साहस गर्दै भने- रूपहो यो विवाह हुन सक्तैन, हामी धर्मविरुद्ध केही पनि हुन दिँदैनौं । पण्डितहरूको यो अनुशासनहीन विरोधले चाणक्यका आंखीभी चल्न लागे । आफैलाई रोक्त गम्भीर भई भने- रूपचाणक्य छउन्जेल मगधमा नीतिविरुद्ध केही पनि हुनसक्तैन, यो विश्वास गर्नोस्, तर म तपाईहरूसँग सोध्न चाहन्छु के धर्मको अर्थ विनाश हो ?

धर्म त्यहीं हुन्छ जसमा मानव कल्याण निहित हुन्छ । फेरि विवाह दुई हृदयको मिलन हो, दुई आत्माको मिलन हो । जब गुण, कर्म, स्वभाव मिल्छ भने दुई आत्माको मिलनमा धर्म बाधक हुनुहुँदैन । धर्मको काम हो तोड्नु होइन हाम्रो यहाँ आत्मालाई परमात्मास्वरूप मानिन्छ ।'

रूपयुनानी राजकुमारी हाम्रो पूर्वीय संस्कृतिबारे पूर्ण परिचित हुनुहुन्छ । त्यसलाई प्रेम र आदर गर्नुहुन्छ । तपाईंहरू सोच्नोस् यो विवाहले मानवताको कति उपकार हुन्छ । भारत वर्ष युनानका आक्रमणबाट सधैं मुक्त रहन्छ युनानका रूपमा भारतवर्षले आफ्नो एउटा शक्तिशाली मित्र पाउँदा त्यो पनि धेरै शक्तिशाली हुनेछ, भारतवर्षको संस्कृतिको विस्तार हुनेछ ।'

चाणक्य अरू पनि धेरै भन्न चाहन्थे तर ती धर्मांधन्ताले गर्दा पण्डित समूह ले केही सम्झेनन् । रिसाउदै भन्न लागे- रूपशत्रुकी छोरी त्यो पनि विजातीय यो विवाह हुनै सक्दैन ।' क्रमशः

सन्दर्भः संविधान दिवस

# संविधान संशोधनतिरभन्दा प्रभावकारी कार्यान्वयनमा लाग्नुपर्छ

ताप्लेजुङको सिँकैचामा जन्मिएका प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे नेपालको वाम-लोकतान्त्रिक आन्दोलनमा लामो समयदेखि संलग्न व्यक्तित्व हुन् । वि.सं. २०७९ को निर्वाचनमा नेकपा एमालेको तर्फबाट झापा क्षेत्र नं. २ बाट निर्वाचित घिमिरे नेपालको संविधान कार्यान्वयनका क्रममा अघि बढेकाले यसको प्रभावकारी कार्यान्वयनबाट नै आमजनताको जीवनमा परिवर्तन आउने धारणा राख्छन् । संविधान दिवस, २०८० को पूर्वसन्ध्यामा सभामुख *घिमिरेसँग* राससका समाचारदाताद्वय *प्रकाश सिलवाल र कालिका खड्काले* गरेको कुराकानीः



**देवराज घिमिरे**
**सभामुख**

**नेपालको संविधान जारी भएको आठ वर्ष पूरा भएको छ । संविधान कार्यान्वयनको हालसम्मको अवस्थालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

हामीले २०७२ सालमा नेपालको जुन संविधान जारी गरेका छौं, यो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान वस्तुगतरूपमा जनताका चाहना र भावना बोकेर आएको छ । हामीले संविधानलाई यस अवधिमा कार्यान्वयन गरिरहेका छौं । कार्यान्वयनका सकारात्मक र नकारात्मक असर देखापरिरहेका छन् । संविधानले जनताको जीवनमा प्रभाव पारिरहेका छन् ।

**संविधानका कारण जनताले अधिकार पाए भन्नेमा त विवाद भएन तर जनताको जीवनमा प्रभावको कुरा गर्दा, उसको व्यक्तिगत जीवनमा प्रत्यक्षतः यो लाभ पायो ठोसरूपमा भन्नुपर्दा के भन्न सकिन्छ ?**

मेरो विचारमा जनताले तुलनात्मक ढंगबाट सबै कुराहरू पाएका छन् । सबै भन्नाले आधारभूत कुरामा राज्यले दायित्व निर्वाह गरेको हुनुपर्छ भन्ने कुरा संविधानमा स्पष्ट व्यवस्था गरिएको छ । नागरिकको घर नजिकै स्थानीय सरकार छ । त्यहाँबाट कति मात्रामा जनताले पायो ? कति पाइरहेको छ भन्ने बेग्लै कुरा हो तर उसले जनताले अधिकार पाएको छ । तीन तहका सरकारले दायित्व पाएको छ । जस्तो शिक्षाको कुरा गरौं, स्थानीय तहले कहाँ-कस्तो विद्यालय बनाउने, जीवनोपयोगी शिक्षा नीति कस्तो बनाउने ? पाठ्यक्रम कस्तो बनाउने भन्ने सवालमा उसले आफ्ना नीति र योजना लागू गर्न सक्छ । अधिकार प्रत्यायोजन र व्यवस्थापनका कुराहरू भएको छ । आफ्नो गाउँ वा नगरलाई कसरी विकास गर्ने भन्ने सवालमा स्थानीय सरकार स्वायत्त र जिम्मेवार भएको छ । जनतालाई महसुस दिलाउने काम स्थानीय तहको हो । आर्थिक, सामाजिक र सांस्कृतिक हिसाबले जनताको जीवनमा परिवर्तन गराउने काम डेलिभरी गराउने निकायको काम हो । बजेट बनाउने, खर्चको बाँडफाँट र सेवा वितरणमा हरेक स्थानीय सरकारले आफ्नो मौलिकता प्रदर्शन गर्न सक्छ । यो संविधानको देन हो भन्ने मलाई लाग्छ ।

**संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा जति हुनुपर्ने हो, त्यति प्रभावकारिता नआएको पनि देखिन्छ नि ?**

हामीले संविधान जारी गरेर कार्यान्वयनमा लगेको धेरै लामो भएको छैन । एक कार्यअवधिको निर्वाचन सकेर अर्को कार्यअवधिको निर्वाचन भर्खरै भएको छ । ऐन, कानुन र नियमावली बनाउने सवालमा सुरुमा काम हुँदै आयो । पहिलो कार्यकालका पाँच वर्ष कानुन निर्माण र प्रदेशका संरचना निर्माणमा बित्यो । अब विकास निर्माण र प्रभावकारिता वृद्धि गर्दै जनताको जीवन र व्यवहारमा परिवर्तन गराउने काम गर्नुपर्नेछ । खासगरी समन्वय भएन भन्ने कुरा आधारभूत तहका जनताले भन्दा पनि बौद्धिक तहका मानिसबाट आएको छ । केही काम तदर्थका रूपमा सञ्चालन भएका पनि छन् । यसलाई केही हदसम्म स्वीकारेर प्रभावकारिता बढाउनुपर्छ ।

**संविधान कार्यान्वयनका लागि आवश्यक कानुन निर्माणमा विगतमा र अहिलेको सदनमा पनि ढिलाइ भइरहेको छ, यसको कारण के होला ?**

संघीय कानुन बनाउने संघीय संसद्ले हो । गत कार्यकालको संसद् पूर्णतः सञ्चालन हुन सकेन । त्यहाँ तानातान र हानाहानको स्थिति भयो । विरोध र बहिष्कारको स्थिति भयो । जरुरी कानुन बनाउने र बहस छलफल गर्ने काममा सोचेजस्तो सफलता हासिल भएन । राजनीतिक अस्थिरता भयो । कानुन बनाउने थलो कहिले विघटन भयो, कहिले पुनःस्थापित भयो । यसले गर्दा केही अलमल र ढिलाइ भयो । अब अहिलेको सदनमा आवश्यक कानुन ल्याउन सरकार र राजनीतिक दलले चासो दिनुपर्ने हुन्छ । संसद, समितिहरू र संसद् सचिवालय आवश्यक सहजीकरण गर्न तयार छ ।

**सदनमा अवरोध र आरोप-प्रत्यारोपका घटना बढेको देखिन्छ । यसलाई न्यूनीकरण गर्न सभामुखको थप भूमिका कसरी प्रदर्शन हुनसक्छ ?**

राजनीतिक दलहरूबीचको जिम्मेवारी बोध र उनीहरूले देशप्रतिको समझदारी कसरी बढाउँछन् भन्नेमा यो कुरा भर पर्छ । संसदीय प्रणालीमा सदनलाई प्रभावकारी बनाउन राजनीतिक दलहरूकै भूमिका हुन्छ । सभामुखको पनि भूमिका हुन्छ । सभामुखले निष्पक्ष र तटस्थ भएर समन्वय र सहयोगी भूमिका खेल्ने हो । संसद्ले बनाएका कानुनको कार्यान्वयन र अनुगमन गर्ने काममा सांसद् र सम्बन्धित समितिहरू लाग्नुपर्ने हुन्छ ।

दलीय प्रणालीमा संसद्लाई प्रभावकारी तरिकाले लैजानका लागि राजनीतिक पार्टीहरूबीचको समझदारी महत्त्वपूर्ण हुन्छ । त्यो जिम्मेवारी पूरा गर्न सकेमा सरकार र संसद् जिम्मेवार ढंगबाट चल्छ । संसद्लाई ऐन, कानुन बनाउन दिएको जिम्मेवारी पूरा गर्नुपर्ने जरुरी हुन्छ । संसद्ले बनाएका कानुनको कार्यान्वयनका लागि समय लाग्छ । त्यसका लागि संसद् र सांसदले भूमिका खेल्नुपर्छ ।

**अन्तर्राष्ट्रिय अभ्यासका आधारमा हेर्दा पनि विधायकले विधि निर्माण गर्ने हो तर यहाँ सांसदहरू मन्त्रालयका मन्त्री र कर्मचारीका कार्यकक्षमा योजना र बजेटका फाइल बोकेर धाइरहेका हुन्छन् । के यो सही भूमिका हो र ?**

यसलाई नेपालको परिप्रेक्ष्यमा हेर्नुपर्छ जस्तो लाग्छ मलाई । लामो समयसम्म राणाहरूको हुकुमी शासन र त्यसपछि पञ्चायती शासन बेहोरेर आएको मुलुक हो हाम्रो । प्रजातन्त्र आइसकेपछि पनि राजाको निरंकुशता भोगेर आएका हौं । बहुदलीय व्यवस्था आएपछि पनि राजालाई शिरमा राखेर बहुदलीय प्रणालीलाई मानेर अघि बढेको अवधि हो । एउटा अवधिलाई हामीले निकै ठूलो अन्योल, आतंक र अस्थिरता भोगेर आएका छौं । अहिले पछिल्लो आठ वर्ष संघीयता कार्यान्वयन गर्ने चरणमा छौं । प्रणाली क्रमशः विकास हुँदै छ । कार्यान्वयन गर्ने एकाइहरू विस्तारै अघि बढ्दै छन् । वास्तवमा सांसदको भूमिका कानुन बनाउने नै हो तर उसकाप्रति जनताका अपेक्षा स्वाभाविकरूपमा हुने भएकाले सरकारका योजना र बजेटमा पनि चासो दिनुपर्ने स्थिति छ । तर बजेट बनाउने र कार्यान्वयन गर्ने काम सरकारका सम्बन्धित निकायकै हो । काम प्रभावकारी भएन भने घच्घच्याउने त राजनीतिक दल र सांसदले पनि गर्न सक्छन् ।

**न्यायपालिका र व्यवस्थापिकाको सम्बन्ध शक्ति सन्तुलनको सिद्धान्तअनुरूप हुनुपर्ने हो । पछिल्ला केही घटना हेर्दा असन्तुलन भएको जस्तो देखिन्छ नि ?**

संविधानले स्पष्टरूपमा राज्यका तीन अंगलाई स्वायत्तता दिएको छ । कसले कहाँ-कहाँ के-के गर्ने भन्ने तोकिएको छ । त्यसमा मिलेन भने हस्तक्षेप दिने वा न्याय निरूपण गर्नुपर्ने कुरा हुन्छन् । त्यसमा व्यवहारमा केही समस्या देखापरेका छन् । राजनीतिकमा अस्थिरता, अन्योल र अराजकता बढेपछि यस्ता कुरामा चलखेल हुने गरेको छ तर यो सुरुआती चरणमा देखिएको सवालका रूपमा लिनुपर्छ । कार्यान्वयनका क्रममा संविधानको व्यवस्थाअनुरूप स्पष्टता हुँदै जान्छ भन्ने मलाई लाग्छ ।

**संविधानको प्रभावकारी कार्यान्वयनमा त यहाँले जोड दिनुभयो । संविधान निर्माणका समयमा असन्तुष्ट रहेका पक्षका सवाल र अहिले कार्यान्वयनमा देखिएका अनुभवका आधारमा संविधान संशोधनको गृहकार्य गर्न जरूरी ठान्नुहुन्छ ?**

अन्य मुलुकको अनुभवका आधारमा हेर्दा जनताको जीवनमा प्रगति ल्याउन कुरामा भन्दा काममा लाग्नुपर्ने हो । हामीले कामबाट परिणाम निकाल्ने हो । परिणामले जुन गति दियो, त्यसको आधारमा नीतिगत निर्णय र समीक्षा गरेर अघि बढ्नुपर्ने हो । यहाँ सोचाइ र व्यवहारमा केही समस्या देखिन्छ । हाम्रोमा काममा जानेभन्दा नि कुरै-कुरामा जानेजस्तो देखिएको छ । संविधान आएपछि कति कार्यान्वयनमा गयो ? कस्तो जनशक्ति प्रयोग गरियो ? यथार्थमा गरेर हेर्ने कुरामा कमजोरी छ । मेरो विचारमा यसलाई प्रभावकारी कार्यान्वयनमै जोड दिनुपर्छ । सुरुमा संघीयतामा जान हुँदैन, एकात्मक व्यवस्था नै ठीक छ भनेर आवाज उठाउने पनि देखिएको हो । हिजो संविधान निर्माणको समयमा पनि अनेक कुरा उठेको थियो । अहिले सात प्रदेश पाल्न कठिनाइ भयो भनेर राजनीतिकरूपमा आइरहेको छ । तर व्यवहारमा कार्यान्वयन प्रभावकारी हुनसकेको छैन । प्रभावकारी कार्यान्वयनमा ध्यान दिने हो भने अझै पनि समस्या छैन । त्यसकारण अहिले संविधान संशोधन गर्नुपर्ने कुरा मनोगत छ, वस्तुगत छैन ।

**निर्वाचन प्रणाली खर्चिलो भएको र कुनै पनि दलले बहुमत ल्याउन नसक्ने मिश्रित प्रकारको हुँदा राजनीतिक अस्थिरताका समस्या देखिएको छ । निर्वाचन प्रणालीबारे पुनः विचार गर्ने समय भएन र ?**

मुलुकमा पछाडि परेका जातजाति, समुदाय, वर्ग, क्षेत्र, लिंगलाई अहिलेकै निर्वाचन प्रणालीले समेटेको छ । यो हिसाबले पनि सोच्न जरुरी छ । तर यो निर्वाचन प्रणालीले सरकार बनाउन असहज पनि भएको छ । यसलाई मिलाएर सहज के हुनसक्छ भनेर सोच्न जरुरी छ । यथार्थमा ती वर्ग र समुदायलाई समानुपातिक निर्वाचन प्रणालीले सहयोग गरेको छ । त्यसकारण म फेरि पनि भन्छु, अहिले संविधानको प्रभावकारी कार्यान्वयन गरेर नै जानुपर्छ । हतारमा निर्णय गरेर संशोधनमा लाग्नु आवश्यक हुँदैन ।

**संविधान दिवसका अवसरमा नेपाली जनतालाई के सन्देश दिन चाहनुहुन्छ ?**

नेपाली जनताले यो संविधान बनाउनका लागि ठूलो त्याग, तपस्या र बलिदान गरेका छन् । संविधान जारी भएपछि राष्ट्रका सामु जुन जिम्मेवारी आएका छन् । त्यो पूरा गर्ने अभिभारा हामीमा छ । खासगरी, कार्यान्वयन गर्ने निकाय थप जिम्मेवार हुनु जरुरी छ । यो संविधानलाई कार्यान्वयनमा लगेर जनताको जीवनमा रूपान्तरण गर्न जरुरी छ । जनताले समामाजिक न्याय र आर्थिक रूपान्तरण खोजेका छन् । जनताको दैनिक जीवनका हरेक क्षेत्रमा यो संविधानमार्फत केही पाउँदै छौं भन्ने बुझाउनका लागि संविधानलाई कार्यान्वयन गर्नुपर्छ । राष्ट्रियता र भौगोलिक अखण्डतालाई बलियो बनाउन लाग्नुपर्छ । अहिले विभिन्न ढंगबाट फैलाउन खोजेको साम्प्रदायिक सो र विचारलाई निस्तेज गर्नुपर्छ । राष्ट्रिय एकता, राष्ट्रिय भावना र सामाजिक सद्भावलाई संरक्षण गर्दै यसको विकास गर्न जननिर्वाचित पदाधिकारी र राजनीतिक दलले जिम्मेवारी निर्वाह गर्नुपर्छ । त्यो नै संविधानको दिवसको सार्थकता हो । म यस दिवसका अवसरमा स्वदेश र विदेशमा रहेका सम्पूर्ण दाजुभाइ दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।






# मान्छे हराउँदै गरेको देश

रूपबा म त कुनै हालतमा बस्दै बस्दिनँ यो देशमा' स्नातक सिध्याएर प्रमाणपत्र प्राप्त गर्न निकै कष्ट गरेको छोरोले भन्यो । छोरोको अनुहार मलिन थियो । स्नातक तह प्रथम श्रेणीमा उत्तीर्ण भएको दिन संसार जितेको जस्तो मुहारमा देखिएको मान्छे । प्रमाणपत्र हातमा पर्दा युद्धबाट हारेको सिपाहीजस्तो बनेर देश छाड्ने कुरा गर्दा मटचाङ्ग्राको दिमाग आधा गाग्रीको पानी छछल्किएको जस्तै भयो ।

विचरा ऋण धन गरेर, एक छाक भोकै बसेर छोरालाई पढाउँदा निकै खुसी भएको मटचाङ्ग्रा छोराले देश छाड्ने कुरा गर्दा मुटु भक्कानिन्छ । उसले छोरालाई किन ? भन्ने प्रश्नसमेत गर्न सक्दैन ।

केही दिनअघि मात्र छिमेकीले १२ कक्षा सकिन नपाउँदै छोरीलाई लाखौं खर्चेर, डोलको खेतसँगै विदेश उडाएको थियो । पुर्खाले आर्जेको डोलखेत बेचेसँगै छोरीको सपनाका लागि पनि उडिरहेको थियो । र, मटचाङ्ग्राले सुझाव दिँदै थियो । भर्खर १२ कक्षा पास गरेकी छोरीलाई किन विदेश उडाउने ? आखिर यही देश नै स्वर्ग छ नि होइन र माइला दाइ ? मटचाङ्ग्राको कुरा सही भए पनि माहिला दाइले उसको उत्तर फर्काउन सकेको थिएन । तर, आज मटचाङ्ग्रा आफैं छोरालाई प्रश्न गर्न सकिरहेको छैन ।

मटचाङ्ग्रो एकोहोरो भएको देखेर छोरो भन्छ । रूपबा तपाईं किन बोल्नुहुन्न ? किन टोलाउनुभएको ?'

विचरा जवाफ छैन । तर पनि विदेशको मोह छाडोस् भनेर मटचाङ्ग्रा भन्छ, रूपके भो बाबु अस्तिसम्म यही देशमा जागिर खान्छु यही बस्छु विदेश जान्न भन्ने मान्छे । किन विदेशको कुरा गर्दै छस् ?' बाउको प्रश्नले छोरालाई कता-कता पिरोल्छ । रूपबा तपाईंको कुरा त ठिकै हो । तपाईंले नै सिकाउनुभएको थियो । आफ्नो जन्मभूमि छाडेर जानु हुँदैन ।'

अनि किन त ? बाबुले सोध्छन् ।

छोराको जवाफ, रूपयति दुःख गरेर पढियो । न त रोजगारीको ग्यारेण्टी छ । न त केही गरौं भन्दा गर्न नै सकिन्छ । पढेको प्रमाणपत्र लिन त हप्तौं धाउँदा पाइँदैन भने अरु के आशा गर्ने र बा ?'

छोराको कुरा सुनेर अवाक्क हुन्छ मटचाङ्ग्रा ! बोलुँ कि नबोलुँजस्तै भएको छ, उसलाई । हुन पनि हरेक दिन दशौं हजार छोराछोरी पढ्ने निहुँले बेग्लै सपना बनाएर विदेश उडिरहेका छन् । बा आमा एक्लो छाडेर हिँडेका छन् । पुर्खाले जोडेका गाउँका घरहरू रित्तो भइसकेका छन् । खेतबारी बाँझो छ । सदरमुकाममा पनि बिस्तारै पातलो हुँदै छ रे ?

मटचाङ्ग्रालाई छोरालाई विदेश पठाउन रत्तिभर इच्छा छैन । यही बसेर पढोस् र यही आफ्नो जीवन बिताओस् बूढेसकालमा सँगै होस् भन्ने आशा छ । तर छोरोको मन भड्किएको छ ।

शैक्षिक प्रमाणपत्र लिन जाँदा पाएको दुख होस् कि नागरिकता बनाउन जाँदा पाएको रूपकिचकिच' उसले सहनै सकेको छैन । मटचाङ्ग्रालाई छोरो भन्छ, रूपबा यहाँ त गलत सोच बोकेर देश रित्याउनेहरूका लागि मात्र उपयुक्त भएको छ । भ्रष्ट, दलालहरूको बोलवाला छ । सत्य बोल्नेहरूले निकै कष्ट बेहोर्नुपरेको छ । यहाँ अब सुख पाइँदैन बा' ।

छोराको कुरा सुनेर पल्ला घरे साहिँली भाउजुलाई सम्झन्छ मटचाङ्ग्रो । लामो समयदेखि बिरामीले थला परेकी थिइन् । दाजुको केही भर नै नहुने । बिग्रिएका पनि हैनन । तर, निकै सोझा । दुई सन्तानलाई ज्यामिरेको पाखो बेचेर विदेश पठाएका थिए । घरजम उतै गरे । गएदेखि उही मोबाइलमा कुरा गर्नेबाहेक फर्केर नै आएनन् । नाती नातिना कस्ता छन् भन्ने पनि थाहा छैन । छिमेकीले भने छोराछोरी अस्ट्रेलिया- अमेरिका छँदै छन् के भो र बस्यो खायो भन्थे ।

तर बिरामी पर्दा तातो पनि तताएर खान दिने मान्छे पनि भएनन् । रूपबाह्र छोरा तेह्र नाती बूढाको धोक्रो काँधै माथि' भन्थे त्यस्तै भएको थियो । लामो समयदेखि साहिँली भाउजु थला परे पनि सहयोग गर्ने कोही नभएकाले मटचाङ्ग्रा बेला बेला जान्थे । तर अब कहिल्यै भेट्न जान नपर्नेगरी साहिली भाउजु सदाका लागि बिदा भएकी छन् । भाउजुको सास उडेको शरीर घरभित्रै राखेर मटचाङ्ग्रो घर फर्केको थियो । तर छोरो विदेश जाने कुरा गर्दछ । उनी झन् भावविह्वल भएका छन् । बोल्नै आँट नै छैन । साहिली भाउजुको मृत शरीर उठाउन मान्छे भएन । बिरामी हुँदा कुर्ने मान्छे थिएन । अहिले मरेपछि पनि लास जलाउन सकस भइरहेको छ । थाहा छैन कहिले विदेशबाट छोराहरू आउलान् । लासले सुख पाउला !

पहिले-पहिले बिरामी हुँदा कुर्ने मान्छे हुन्थे । तर अहिले मरेपछि जलाउन कहिले छोरा विदेशबाट फर्केला भनेर लासले कुर्नुपर्ने दिन आएको छ । मटचाङ्ग्राले छोरालाई न त विदेश जानसक्ने संकेत गरेका छन् । न त यही बस यही सुन फलाउन सकिन्छ भन्न सकेका छन् । स्वर्गजस्तो देशलाई नर्क बनाईरहेका नेताहरूलाई धिक्कार्दै छन्, मनमनै ।

अनायासै मटचाङ्ग्रा आँखाबाट आँशु झर्छ । उसले छोरालाई भन्छ, रूपजा बाबु जा, तँलाई विदेशले बोलाइरहेको छ, उतै जा । यो देश चलाउने ठेक्का लिएकाहरूले तँ जस्ता लाखौंलाई घोक्रयाइसकेको छ । तै पनि जा । अबको १० वर्षपछि त हामीजस्तै बूढाबूढीमात्र बस्ने देश त हो यो ! के भो र जा' तर एउटा कुरा ?

मटचाङ्ग्रा छोरा ट्वाँ पर्दछ र बाबुलाई सोध्छ, तर के एउटा कुरा बा ?

युवा पुस्ता हराउँदै गरेको देश हो यो । तँ जस्ता अलि अलि बचेखुँचेकालाई पनि लखेट्दै छन् । तर तँ जाँदा तेरो हजुरबाउले छाडेर गएको सवै घरजग्गा बेचेर जा । यो देश चलाउने ठेकेदारहरूलाई कोही चाहिँदैन । द्रव्य पिचास भएर बसेका छन् । हामी जसो तसो बाँचौला । गाउँ छाडियो, सदरमुकाम छाडियो, मर्ने बेलाका हामीले देश त के छाडौं ? तँ यो देशै छाडेर जान्छ भने जा । तर बा आमा मरेरे भनेर जलाउन कहिल्यै पनि नआ ! बिरामी हुँदा हामीलाई कुर्ने मान्छे हुँदैन । त्यसैले हामी मर्दा पनि लास जलाउनकै लागि तिमीहरूलाई कुर्दैनौं । जा छोरा जा ! कहिल्यै यो देशमा नफर्कनेगरी विदेश जा ‼



**विश्वकर्मा पूजा** | घोराही उपमहानगरपालिका–१४ अटो भिलेजमा आफ्नो पसलमा विश्वकर्माको मन्दिर स्थापना गरेर पूजापाठ गर्दै अटो व्यवसायी । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# कुरूप बन्दै कालीगण्डकीः संकटमा ‘जल’ सभ्यता

■ **ध्रुवसागर शर्मा**

**गलेश्वर (म्याग्दी)**– नदी तटीय क्षेत्रलाई मानव सभ्यताको उद्गमस्थल मानिन्छ । नदीहरूमध्ये पनि धार्मिक र आर्थिक दृष्टिलेसमेत अत्यन्त महत्त्वपूर्ण मानिएको शालिग्राम शिला पाइने संसारकै एकमात्र नदी कालीगण्डकीको संसारभरि महत्त्व रहेको छ । यति महत्त्वपूर्ण मानिएको कालीगण्डकी नदीको अस्तित्व नासिँदै जाँदा यो नदीसँग जोडिएको रूपजल’ सभ्यता पनि संकटमा पर्दै जान थालेको छ । मानवीय लापरवाही, नदीको दोहन र प्राकृतिक प्रकोपका कारण कालीगण्डकी कुरूप बन्दै गएको हो ।

कालीगण्डकीको महत्त्व विभिन्न धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको छ । सबैभन्दा पुरानो मानिएको ऋग्वेदका अनुसार रूपऋषि त्रिशिरा त्वाष्ट्र देवता आपो देवता, गायत्री आपो हि ष्ठा मयोभुवस्ता न ऊर्जे दधातन । महे रणाय चक्षसे । अर्थात् हे जलदेवता ! तिमी सुखका मूल स्रोत हौ, हामीलाई पराक्रमले युक्त उत्तम कर्म गर्नका लागि पोषक रस प्रदान गर ।’ यस मन्त्रमा जललाई पराक्रम, उत्तम कर्म र सुखका लागि पोषण प्रदान गर्ने भनिएको छ । यसरी कालीगण्डकीको जलसँग सभ्यता जोडिएको छ ।

त्यसैगरी ऋग्वेदको अर्को ऋचामा रूपयो वः शिवतमो रसस्तस्य भाजयते नः । उशतीरिव मातरः । अर्थात् हे जलदेवता ! हामीलाई अत्यन्त पोषक रस सेवन गर्न देऊ, आमाले आफ्ना दूधले बच्चालाई पोषण दिएझैं हामीलाई तिमी पोषित गर ।’ यहाँ जल र मानिसको सम्बन्ध आमा तथा बच्चाको जस्तो भएको भनिएको छ । जलसँगै आमाको महत्त्व दिइएको छ ।

कालीगण्डकी केवल पानीले निकास खोज्दै उँधोतिर बगेको नदीमात्र होइन, यो सिंगो पूर्वीय सभ्यता र संस्कृतिको महत्त्वपूर्ण धरोहर हो भन्ने कुरा बिर्सँदा कालीगण्डकीको सभ्यता संकटमा पर्दै गएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताए । राजा भरतले तपस्या गरेको पवित्र भूमि र भगवान् विष्णुका पाउले कुल्चिएको पावन भूमिमा बगेको कालीगण्डकी हजारौं वर्षको मानव चेतनासँग गहिरोसँग अन्योन्याश्रित सम्बन्ध रहेको धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ ।

पछिल्लो समय गैरकानुनीरूपमा कालीगण्डकीको दोहन बढिरहेको र अतिक्रमण गरेर आफूखुसी प्रयोग भइरहेकोप्रति उनले चिन्ता व्यक्त गरे । विश्वकै एकमात्र शालिग्राम पाइने नदीका रूपमा यसको बेग्लै पहिचान बनेको छ । हिन्दूहरूको शव कालीको किनारमा दाहसंस्कार गर्दा मृत्युपछि राम्रो हुने जनविश्वास अहिले पनि रहेको क्षेत्र विकास कोषका अध्यक्ष रेग्मीको भनाइ छ ।

> कालीगण्डकीको मुक्तिनाथदेखि देवघाटसम्मको क्षेत्र अत्यन्त पावन क्षेत्र मानिन्छ । यसबाट हजारौं हेक्टर भूमि सिञ्चित भएको छ । कालीलाई थुनेर ठाउँठाउँमा विद्युत् ऊर्जा निकालिएको छ । नेपालकै सबैभन्दा ठूलो भनेर चिनिने कालीगण्डकी हाइड्रोपावर पनि यसै नदीमा रहेको छ ।

कालीगण्डकीको महिमा यतिमै मात्र सीमित रहँदैन । कालीगण्डकी शालिग्राम पाइने पवित्र नदीमात्र नभएर पशु, पक्षी, किट, पतंगदेखि लिएर मानव जातिलाई समेत सेवा पुऱ्याएको प्राकृतिक सेवक पनि भएको पण्डित भीमनाथ पराजुलीले बताए । रूपकालीगण्डकीको धार्मिक महत्त्व त अवर्णनीय छ नै, यसको जैविक, सांस्कृतिक र मानवीय दैनिकीसँग गाँसिएको महत्त्व पनि कम छैन,’ पण्डित पराजुलीले भने ।

त्यसैगरी राष्ट्रकवि स्व. माधवप्रसाद घिमिरेले पनि कालीगण्डकी शालिग्राम कुद्ने विश्वकै एकमात्र नदी भएको उल्लेख गर्दै लेखेका छन्,

*रूपमाछापुच्छ्रे गिरि शिखरको*
*पारमा मुक्तिक्षेत्र*
*बल्छन् बत्ती झलमल जहाँ भुलभुले मुलभित्र*
*तिम्रो जन्मस्थल छ पहिलो*
*ज्योतिको दिव्यधाम*
*काली गंगा भनन कसरी कुद्दछयौ बालिग्राम ?’*

शालिग्राम कुद्ने विशिष्ट वरदान पाएको पवित्र नदी कालीगण्डकीको भौतिक अस्तित्वमाथि विकासका नाउँमा मानवीय प्रहार हुन थालेपछि पवित्र नदी कालीगण्डकीको सभ्यता र अस्तित्व दुवै संकटमा परेको कालीगण्डकी बचाऊ अभियानका अभियानकर्मी सागरजीवि उपाध्यायले बताए ।

ऋग्वेदमा रूपईशाना वार्याणां क्षयन्तीयार्षणीनाम् अपो याचामि भेषजम् अर्थात् जल प्रवाह मानिसको इच्छित पदार्थको स्वामी र सम्पूर्ण प्राणीको आश्रयदाता हो । हामी जलबाट औषधिमा जीवनरसको कामना गर्दछौं’ भनिएको छ । यसले पनि जल सभ्यता के हो भनेर बुझ्न सकिने पण्डित पराजुलीले बताए ।

उनले भने, रूपनदी मानवजातिको सभ्यता र विकासको आधार हो, मानवसभ्यताको विकास नदी किनारमा नै बढी भएको छ, नदीहरू जलस्रोत हुन्, जीवनका लागि र जीवनपछि पनि जलको महत्त्व रहेको छ, नदी/जल हाम्रा धार्मिक, आध्यात्मिक, सांस्कृतिक, आर्थिक उन्नतिका आधार हुन्, हाम्रो स्वास्थ्य र दिनचर्या जल-पानीमा आधारित छ, आर्थिक समृद्धिका लागि जल र जलसँग सम्बन्धित उद्यम, उपक्रममा अझ जोड दिन आवश्यक छ ।’ ती सबै नदीहरूमध्ये कालीगण्डकी नदीको विशिष्ट महत्त्व रहेको उनको भनाइ छ ।

कालीगण्डकीको मुक्तिनाथदेखि देवघाटसम्मको क्षेत्र अत्यन्त पावन क्षेत्र मानिन्छ । यसबाट हजारौं हेक्टर भूमि सिञ्चित भएको छ । कालीलाई थुनेर ठाउँठाउँमा विद्युत् ऊर्जा निकालिएको छ । नेपालकै सबैभन्दा ठूलो भनेर चिनिने कालीगण्डकी हाइड्रोपावर पनि यसै नदीमा रहेको छ । पछिल्लो समय कालीगण्डकी तिनाउ बहुउद्देश्यीय डाइभर्सन आयोजनाका कारण कालीगण्डकी चर्चामा छ । बुटवल, भैरहवा, रूपन्देही, कपिलवस्तुलगायतका क्षेत्रमा कालीगण्डकीको पानी पुऱ्याएर सिँचाइ, जलविद्युत् र अन्य प्रयोजनका लागि लाभान्वित गर्ने बृहत् उद्देश्यका साथ डिजाइन गरिएको राष्ट्रिय आयोजनाका रूपमा यस आयोजनालाई लिइएको छ । *रासस*

# प्रयोगविहीन भयो एक करोड २८ लाखमा बनेको पुल



*पाँचथर*– पाँचथरमा सयौं स्थानमा सडक पुल निर्माण गर्नुपर्ने आवश्यकता छ । स्थानीय तह निर्माणपछि सडकको ट्र्याक विस्तार गर्ने कार्य द्रुत हुँदा बस्ती, गाउँ, वडा र पालिकालाई जोड्न यहाँका दर्जनौं खोलामा सडक पुल, कल्भर्ट र कज-वे आवश्यक छ । सडक पुलसहितका पूर्वाधार निर्माणमा पर्याप्त बजेट नभएको गुनासो यत्रतत्र सुनिने गर्छ तर जिल्लामा सडक पुल निर्माण भएर चार वर्ष पनि प्रयोग नभई प्रयोगविहीन बनेको पनि पाइएको छ ।

वि.सं. २०७३ मा निर्माण सम्पन्न भएको जिल्लाको हिलिहाङ गाउँपालिकाको वडा नं ४ पञ्चमी र वडा नं ५ सुभाङलाई जोड्ने सुभाङ खोला पुल प्रयोगविहीन बनेको हो । यो पुल रहेको स्थानभन्दा करिब १०० मिटरमाथिबाट तमोर कोरिडोर सडक निर्माण भएपछि तीन वर्षदेखि पुल प्रयोगविहीन अवस्थामा छ । कोरिडोर निर्माणपछि पुलसम्म पुग्ने कच्ची सडक पनि क्षतिग्रस्त भएको छ । अहिले यो पुल सुभाङ खोलाको वारिपारिका कृषकको आवतजावतबाहेक अन्य प्रयोगमा छैन ।

हिलिहाङ-५ का खगेन्द्र योङहाङका अनुसार वर्षायाममा सुभाङ खोला पार गर्न समस्या भएपछि यहाँ पुल निर्माणका लागि तत्कालीन जिल्ला विकास समितिमा स्थानीयवासीबाट माग भएको थियो । तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मातहतको स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग (डोलिडार) र जिल्ला विकास समिति पाँचथरको संयुक्त लगानीमा १६.३० मिटरको पक्की पुल निर्माण भएको थियो । एक करोड २८ लाख रूपैयाँको लागतमा इलामको गजुरमुखी निर्माण कम्पनीले पुल निर्माण सम्पन्न गरेको थियो ।

पुल सञ्चालनमा आउनासाथ कोरिडोर निर्माण सुरु भयो । अहिले यो पुल रहेको स्थानबाट करिब १०० मिटरमाथि कोरिडोरमा कल्भर्टबाट सवारीका साधन आवतजावत गर्ने गरेका छन् । कोरिडोरबाटै सवारीसाधन आवतजावत गर्न थालेको तीन वर्ष नाघिसकेको छ । तमोर कोरिडोर निर्माणको सर्भेका क्रममा यही पुललाई प्रयोग गर्न स्थानीयवासीले जोड दिए पनि प्राविधिक जटिलताले सम्भव नभएको स्थानीयवासी योङहाङको भनाइ छ । रूपयो पुल प्रयोग गरी कोरिडोरका ट्र्याक निर्माण गर्न हिलिहाङ-४ तर्फ उपयुक्त नभएको र पुल सिंगल लेनको भएकाले भविष्यमा प्रयोग हुन नसक्ने भनेर प्राविधिकले भने,’ योङहाङले भने, रूपत्यसैले कोरिडोरले यो पुललाई प्रयोग गरेन ।’

हिलिहाङ-५ का तिलक सुहाङ राज्यको ठूलो लगानी खेर जाने अवस्था आएको बताउँछन् । रूपपुल बनिनसक्दै नयाँ सडक निर्माण भयो । राज्यको ठूलो लगानी यतिकै खेर गयो,’ सुहाङले भने, रूपदीर्घकालीन सोच राखेर बनाइएको भए राज्यको लगानी खेर जाने थिएन ।’ पुल निर्माण भएको दुवैतर्फ धान उत्पादन हुने खेत थियो । एकातर्फ कृषकको खेती मासिएको छ भने बनेको पुल झाडीले छोपिँदै गएको छ । यो पुलबाट करिब चार वर्ष सवारी तथा ढुवानीका साधन ओहोरदोहोर गरेको हिलिहाङ-४ का डम्बर आचार्यको भनाइ छ । *रासस*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHNO GREEN FACTORY FOR FOOD STUFF

पूर्व स्वीकृति मितिः २०८०/०६/०१ | LT. No. 292689 | चलानी नं. ६०२०७८४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Packaging Labor (Indoor) | 15 | 0 | 90 | ३८,६४५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Store Labor (Indoor) | 15 | 0 | 90 | ३८,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ९ गते (26th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. २०७१/०७९/८०

**SPACE HR SOLUTIONS PVT.LTD**

Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 9803003599
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com



**Kalika Municipality**
**Office of Municipal Executive**
Redcrossgram, Chitwan
Bagmati Province

**INVITATION FOR SEALED BIDS**

**First date of publication: - 19th September, 2023 (2080-06-02)**

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed Bids from eligible bidders for **"SUPPLY AND DELIVERY OF COMPUTERS, PRINTERS AND ACCESSORIES"**, mentioned in the table below

| S.N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 04/Goods/NCB/KM/080/081 | SUPPLY AND DELIVERY OF COMPUTERS, PRINTERS AND ACCESSORIES | 120 days from the day of bid opening, that is bid bond should be valid (upto 2080-11-14 (26th February, 2024) | 75,000.00 | 3,000.00 |

Last Date of Sealed Bids Submission Date: Before 12 PM on 2080-07-13 (30th October, 2023).
Sealed Bids Opening Date: At 13:00 PM on 2080-07-13 (30th October, 2023).
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

# प्रभाव दैनिक

मंगलबार, २ असोज २०८० (Tuesday, September 19, 2023)


रूपशाला

## ‘चित्रा’को छायांकन सुरु

घनश्याम लामिछानेको निर्देशन रहने फिल्म रूपचित्रा’को छायाँकन सुरु भएको छ। शुक्रबारदेखि फिल्मको छायांकन पोखरामा सुरु भएको निर्माता सन्तोष अधिकारीले जानकारी दिए। सन्तोष अधिकारी फिल्मस्को ब्यानर तथा अस्याप इन्टरटेनमेन्ट नेपाल र अस्ट्रेलियाको निर्माण रहने फिल्ममा आगामी पुस २७ गते रिलिज हुनेछ। फिल्ममा सन्तोष अधिकारी, अर्पण थापा, प्रमोद अग्रहरी, मेनुका प्रधान, शुभेच्छा खड्का, सिम्रन खड्का, आयुशी ढकाल, कपिल शर्मा, कुमार गुरूङ, श्यामसुन्दर कार्की, गीता थापा, उज्ज्वल ढकाल, दिपेश गजुरेल र प्रकाश घिमिरेको अभिनय रहनेछ। आशिष थापा मगर निर्माता र सन्तोष अधिकारी कार्यकारी निर्माता रहने रूपचित्रा’ फिल्ममा अजय अधिकारीको कथा, मनिष गौतमको पटकथा तथा संवाद छ।



# ‘किड्स अफ द इयर इन्टरनेसनल २०२३’ मा ४ विजेता छनोट



■ प्रभाव संवाददाता

**काठमाडौं** – एउटै स्टेजमा ४ विजेता छानिएका छन्। रूपकिड्स अफ द इयर इन्टरनेशनल २०२३’ को मञ्चमा सिनियर र जुनियर कोटा र केटी गरेर एकसाथ ४ विजेता चुनिएका हुन्। प्रतियोगीताको जुनियर केटा तर्फ एलभिन प्रजापति र सिनियर केटा तर्फ सुभांक हुमागाई विजेता बन्दा केटी तर्फ जुनियरमा ग्लोरिया बैदार र सिनियर तर्फ सोनिया श्रेष्ठ विजेता घोषित भए।

होटल सारथी रिसोर्ट धुलिखेलमा शनिबार अबेर साँझ सम्पन्न प्रतियोगीतामा जुनियर केटा तफ रुक्सन न्यौपाने फष्टरनअफ र विनिस तामाङ सेकन्ड रनरअप चुँनिदा सिनियर कोटातर्फ वाङ्जु लामा फष्टरनरअफ र आरएस कार्की सेकेन्ड रनरअफ भए।

प्रतियोगीतामा जुनियर केटीतर्फ रिमा महतो फष्ट रनरअप र जेनिफर पराजुली सेकेन्ड रनरअप घोषित हुँदा सिनियर केटी तर्फ बन्दिका न्यौपाने फष्ट रनर अफ र आयुसा रायमाझी सेकेन्ड रनरअप भइन्।

रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले आयोजना र दावा टेक्नोलोजी एचएमसी नेपाल प्रालिको मुख्य प्रयोजन रहेको प्रतियोगिताको फाइनल स्पर्धामा इन्दु थापा (कार्यकारी निर्देशक तथा प्रिन्सिपल बेलर इन्टरनेशनल स्कुल), अशोक पाण्डे (निर्देशक तथा प्रिन्सिपल सेमरक निष्ट वर्ल्ड स्कुल), डा. केबी मानन्धर (सह-प्राध्यापक काठमाडौं युनिभर्सिटी), सन्त कुमार श्रेष्ठ (भाइस प्रिन्सिपल काभ्रे इङ्लिस सेकेन्डरी स्कुल), रजना प्रधान श्रेष्ठ ( फाउन्डर तथा प्रिन्सिपल बालबाटिका बिद्यामन्दिर हायर सेकेन्डरी स्कुल), लव कार्की (संचारकर्मी) लगायत निर्णायक रहेका थिए।

बालबालिकाको प्रतिभा निखार्दै उनीहरूलाई भविष्य निर्माणमा सक्षम बनाउने उद्देश्यले प्रतियोगीता आयोजना गरिएको आयोजक रेडियन्ट इभेन्ट म्यानेजमेन्टका प्रबन्ध निर्देशक तथा अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजुले बताए। फैजु बिगत १२ बर्षभन्दा लामो समयदेखि गुणस्तरिय राष्ट्रिय तथा अन्तराष्ट्रिय सौदर्य प्रतियोगीतामा आयोजना गर्दै आएका छन्। प्रतियोगीताको डान्स कोरियोग्राफर संयुक्त स्थापित रहेका थिए।

७ वर्षदेखि १३ वर्षसम्मका विद्यालय अध्ययनरत बालबालिकाको सहभागिता रहेको प्रतियोगीको कोरियोग्राफी अन्तराष्ट्रिय फेसन कोच राज फैजुले गरेका थिए, भने ड्रेस डिजाइन श्रीषा बैदारले गरेकी थिइन्। विजेता सबैले उपाधिका साथमा विभिन्न गिफ्ट र अवसर उपहारका रूपमा प्राप्त गरेका छन्।

प्रतियोगीतामा चिफ गेष्टको रूपमा काठमाडौ महानगरपालिकाको उपमेयर सुनिता डंगोल सहभागी थिइन्। कार्यक्रममा डंगोलले प्रतियोगीताको मैदानमा उत्रिएपछि जित र हारलाई सामान्य मान्नुपर्ने बताइन्। उपाधि जित्नु मात्र उपलब्धिको रूपमा नभएको भन्दै प्रतियोगीतामा सिकेको सिप र ज्ञान जीवनमा सधै काम लाग्ने र यसलाई ठुलो उपलब्धि ठान्नुपर्ने उनको धारणा रहेको थियो।

# रूपडिएसए स्टार सिजन-११ सम्पन्न

■ प्रभाव संवाददाता



**काठमाडौं–** परिवर्तन इभेन्ट हाउसले राजधानीमा आयोजना गरेको सौन्दर्य प्रतियोगिता रूपडिएसए स्टार २०२३ सिजन- ११’ मा विधागत रूपमा विभिन्न विजेता चुनिएका छन्। नेपाल वायु सेवा निगमका प्रमुख कार्यकारी अधिकृत युवराज अधिकारीको प्रमुख आतिथ्यमा भएको प्रतियोगितामा रूपमिनी डिएसए डान्सिङ स्टार’को उपाधि अर्पण पोखरेलले जित्दा तिम्बना अधिकारी रूपफस्ट रनरअप’ र अरियाना कुमाल रूपसेकेण्ड रनरअप’ भए।

त्यस्तै रूपजुनियर डिएसए डान्सिङ स्टार’तर्फ प्रितिका तिवारी विजेता, आरभ गुरुङ रूपफस्ट रनरअप’, कृतिमा तिमल्सिना रूपसेकेण्ड रनरअप’, बिम्बिसर आले रूपथर्ड रनरअप’, आयुष्मा थापा रूपफोर्थ रनरअप’, अनमोल गुरुङ रूपफिफ्थ रनरअप’ र नुमा लिम्बु रूपसिक्स्थ रनरअप’ भए।

रूपजुनियर डीएसए सिङ्गिङ स्टार’तर्फ सनिस्ता रेग्मी विजेता, मन्दीप शाह रूपफस्ट रनरअप’, सृष्टि कार्की रूपसेकेण्ड रनरअप’ र सोनिका थापा रूपथर्ड रनरअप’ घोषित भए। यस्तै रूपजुनियर डीएसए एक्टिङ स्टार’तर्फ पवनराज मुडवरी विजेता, विधान न्यौपाने रूपफस्ट रनरअप’, मन्जित जंग पाण्डे रूपसेकेण्ड रनरअप’ बने।

रूपप्रि-टिन डीएसए डान्सिङ स्टार’तर्फ तेजस्वी सुवेदी विजेता, रोस्मा वली रूपफस्ट रनरअप’, अलास्का थापा मगर रूपसेकेण्ड रनरअप’, दिव्या श्रेष्ठ रूपथर्ड रनरअप’, म्युजिका गुरुङ रूपफोर्थ रनरअप’, कल्पना बिके रूपफिफ्थ रनरअप’ र दिव्यांश सिंह साउद रूपसिक्स्थ रनरअप’ भए। यसैगरी रूपप्रि-टिन डीएसए सिङ्गिङ स्टार’मा अरुनेक्स श्रेष्ठ विजेता, प्रिन्स साउद रूपफस्ट रनरअप’, युनिक थापा मगर रूपसेकेण्ड रनरअप’, सुवर्ण तिमल्सिना रूपथर्ड रनरअप’ र रूपप्रि टिन डिएसए एक्टिङ स्टार’मा सिरिश सापकोटा विजेता, रुबी लामिछाने रूपफस्ट रनरअप’ र रेयान हुसेन रूपसेकेण्ड रनरअप’ भए।

प्रतियोगिताको निर्णायकमा गायक लाक्पा शेर्पा, मेमोरी किङ नबल पजियार, मोडल प्रिन्स विश्वकर्मा, रूपडान्सिङ विथ स्टार सिजन २’ विजेता छिरिङ शेर्पा र डिजे डिजे नवाङ रहेका थिए। बाबा एजुकेशन कन्सल्टेन्सीको मुख्य प्रायोजन रहेको कार्यक्रमलाई नेपाल वायु सेवा निगमले सहयोग गरेको थियो।

इभेन्ट हाउसकी सिईओ सोनिया जी आरले कार्यक्रमबाट बालबालिकामा लुकेका प्रतिभाहरूलाई बाहिर ल्याउन सहज वातावरण बन्ने र राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रियस्तरमा पनि प्रतिस्पर्धा गर्न सक्ने क्षमताको विकास हुने बताइन्। विजेतालाई २०२४ मा जर्जियामा हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालबाट सहभागी गराइने आयोजकले जनाएका छन्।

# ‘वानर सेना’को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं** – आगामी असोज १९ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म रूपवानर सेना’को अफिसियल ट्रेलर सार्वजनिक गरिएको छ। फिल्मको सार्वजनिक २ मिनेट १० सेकेण्ड लामो ट्रेलरमा प्रेम र द्वन्द्वलाई स्थान दिइएको छ।

अर्पण गिरी (अरमान जंग)को डेव्यु निर्देशनमा निर्माण भएको फिल्म रूपवानर सेना’को कथा पौराणीक रहेकाले पनि दशैंको आसपासमा रिलिज गर्न लागेको जानकारी निर्माण टिमले दिएको छ। गिरी ग्राण्ड फिल्मस्को प्रस्तुतीमा निर्माण भएकको फिल्ममा निर्देशक अर्पण गिरी (अरमान जंग), आरजु प्रसाई, किशोर खतिवडा, सुरवीर पण्डीत, अर्जुन गुरुङ, किशन बाबु बस्नेत, राजन निरौला, सुनिता श्रेष्ठ, सुरेश साहु, कमला बिष्ट, रमेश सोडारी, युवराज गिरी, राहुल यादव, ज्ञानेन्द्र थापा, बिशाल बराल, बालकलाकार मास्टर अमित पौडेल र बिशेष भुमिकामा कामेश्वर चौरासिया र तेजस्वी बास्कोटाले अभिनय गरेका छन्।

फिल्ममा विनोद सापकोटाको छायांकन, रवी केसीको मेकअप, जोन तामाङ र निर्देशक अर्पण गिरीको संगीत, निर्देशक गिरीको गीत लेखन, प्रविन ढकालको कलर, नारायण रिजालको कोरियोग्राफी, शंकर महर्जन र आरके श्रीको द्वन्द्व निर्देशन, सत्यम राणा र श्रीकृष्ण श्रेष्ठको भिएफएक्स र बन्दे प्रसादको सम्पाद रहेको छ।

फिल्मको कथा, पटकथा तथा संवाद पनि स्वयंम निर्देशक गिरीले नै लेखेका हुन्। युवराज गिरीको लगानी रहेको फिल्मलाई करण श्रेष्ठ क्रेजीको रिच इन्टरटेनमेन्ट र एफडी कम्पनीले वितरण गर्दैछन्।

## रंगशाला

# मालिकादेवी कप असोज २७ बाट

**चौतारा–** तेस्रो संस्करणको मालिकादेवी नकआउट सेभेन 'ए' साइड नगर कप फुटबल प्रतियोगिता असोज अन्तिम साताबाट शुरू हुने भएको छ। मेलचौर युवा जागरण समाजको आयोजनामा हुने प्रतियोगिता असोज २७ गतेदेखिबाट शुरू हुन लागेको हो।

प्रतियोगितामा देशभरकै आधिकारिक रूपमा दर्ता भएका फुटबल क्लबहरू सहभागी हुन पाउने आयोजकले जनाएका छन्। आयोजकका अनुसार प्रतियोगिताको विजेताले १ लाख ११ हजार १११ ट्रफी, मेडल र प्रमाणपत्र तथा उपविजेता टोलीले ६६ हजार ६६६ ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछन्। प्रतियोगितामा उत्कृष्ट खेलाडी, स्ट्राइकर, गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, प्रशिक्षक र प्रत्येक खेलको म्यान अफ दी म्याचलाई ट्रफीसहित नगद पुरस्कारको व्यवस्था रहेको आयोजकले जनाएको छ।

साथै टिम फ्यर प्लेयलाई अवार्ड पनि रहेको छ। पहिलो संस्करणको विजेता सुनौलो विहानी अभियानले जितेको थियो। त्यस संस्करणको पुरस्कार राशी ५० हजार रहेको थियो भने दोस्रो संस्करणको उपाधि ८० हजार अधेरी युथ क्लब बलेफीले जितेको थियो।

यस्तै, तेस्रो संस्करणमा अघिल्लो संस्करणको तुलनामा पुरस्कार राशीमा ३१ हजार बढाएको आयोजकले जनाएको छ। प्रतियोगितामा सहभागी टोलीले आगामी असोज २४ गतेसम्म टिम दर्ता गर्न सक्ने छन्। टिम दर्ता शुल्क ५ हजार लाग्ने पनि आयोजकले जनाएको छ। प्रतियोगिताका सबै खेलहरू चौतारा साँगाचोकगढी नगरपालिका-७ मेलचौर दरबारडाँडा खेल मैदानमा हुनेछ। *रासस*


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Wira Security Services SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/२९ LT. No. 292614 चलानी नं. ६०२०७८५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 125 | 0 | 1500 | ४२५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ZILLION CREATIONS SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/०९ पून स्वीकृति मिति २०८०/०६/०२ LT. No. 265275 चलानी नं. ६०१८१५७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 38 | 0 | 1500 | ४२५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEMINI FORCE SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०५/२४ LT. No. 292305 चलानी नं. ६०२०७८५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 104 | 0 | 1500 | ४२५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ९ गते (26th Sep. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**AMCON OVERSEAS PVT LTD**

श्रम इजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977

E-mail: amconoverseas123@gmail.com



**Invitation for Electronic Bids**

## Dolpo Buddha Rural Municipality,

**Dho Dolpa**

**Invitation for electronic Bids for the Construction Works Under Below Mentioned Contracts**

**Date of publication: 19-09-2023 (2080-06-02 BS)**

1. *Dolpo Buddha Rural Municipality* invites electronic bids from Nepalese eligible bidders for the construction of *following works* under National Competitive Bidding procedures.

| SN | Description of Works | Contract ID | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|
| 1 | *Simen Village Road Drain Construction* | DBRM/DOLPA/ WORKS/NCB/ 03-080/081 | NRS. 1,02,62,083.96/- | 2,90,000/- | Bidding Document Fee NRs 3,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of *Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal* or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | **:** | **Rastriya Banijya Bank Ltd.** |
| **Name of Office** | **:** | **Dolpo Buddha Rural Municipality, Dolpa** |
| **Office Account no.** | **:** | **4540100301010002 Rajaswa (revenue) Shirshak no.: 14229** |

4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before *12:00* on *19-10-2023(2080-07-02 BS)*. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at *19-10-2023(2080-07-02 BS). 14:00* at the office of *Dolpo Buddha Rural Municipality, Dolpa*.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

***Chief Administrative Officer***



दक्षिण चीनको गुआङ्सी झुआङ स्वायत्त क्षेत्रको राजधानी नानिङस्थित नानिङ इन्टरनेसनल कन्भेन्सन एण्ड एग्जिबिसन सेन्टरमा २०औं चाइना–आसियान एक्स्पोमा बेल्ट एण्ड रोड इन्टरनेसनल प्याभिलियनमा भियतनामको बुथनजिक नृत्य प्रस्तुत गर्दै कलाकारहरू । *तस्बिरः सिन्ह्वा*

# उत्तर कोरियाली नेता किम स्वदेश फिर्ता



**सियोल–** उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई रूपहार्दिक धन्यवाद' व्यक्त गरेका छन् ।

उत्तर कोरियाली नेता किमको रूसको सुदूरपूर्वको भ्रमणले युक्रेनमा युद्धका लागि आणविक शक्ति सम्पन्न प्योङयाङले मस्कोलाई हतियार उपलब्ध गराउनसक्ने पश्चिमाहरूको आशंकालाई बढावा दिएको छ ।

भ्रमणका क्रममा उत्तर कोरियाली नेताले रूसी अन्तरिक्ष रकेटदेखि पनडुब्बीसम्मका सबै कुराको निरीक्षण गरेका थिए । यसमा पुटिनसँग राइफलको सांकेतिक आदानप्रदान पनि समावेश रहेको छ ।

कोरियाली केन्द्रीय समाचार संस्था (केसिएनए)का अनुसार किमले राष्ट्रपति पुटिन र रूसी नेतृत्वलाई विशेष ध्यान र सौहार्द्रपूर्ण आतिथ्यताका लागि हार्दिक धन्यवाद दिएका छन् । केसिएनएका अनुसार रूसी महासंघको औपचारिक सद्भावना भ्रमणको कार्यतालिका सफलतापूर्वक पूरा गरी किम स्वदेश फर्किएका छन् ।

उनले रूपरूसको समृद्धि र त्यहाँका जनताको कल्याण' को कामना पनि गरेको केसिएनएको रिपोर्टमा उल्लेख छ । उत्तर कोरिया र रूसको ऐतिहासिक मित्रता कायम रहेको छ । युक्रेन आक्रमणको लागि मस्को र आणविक हतियार परीक्षणको लागि प्योङयाङ दुवै मुलुकले विश्वव्यापी प्रतिबन्धहरूको सामना गरिरहेका छन् । भ्रमणका क्रममा किमले पुटिनसँग दुर्लभ शिखर वार्ता गरेकाले रूससँगको द्विपक्षीय सम्बन्धलाई आफ्नो देशलाई पहिलो प्राथमिकता बनाउने बताएका थिए ।

चीन अहिले उत्तर कोरियाको सबैभन्दा महत्त्वपूर्ण सहयोगी र हितैषी देश हो । उत्तर कोरियाको तोपको गोला युक्रेनमा प्रयोग गर्न रूस आतुर छ भने प्योङयाङले स्याटेलाइट प्रविधि र सोभियतकालीन सैन्य उपकरणको उन्नयनमा सहयोग खोजिरहेको विज्ञहरूले बताएका छन् । बुधबार पुटिन र किमबीच मस्कोबाट करिब आठ हजार किलोमिटर टाढा रहेको रूसको नयाँ भोस्तोच्नी कोस्मोड्रोममा भेटवार्ता भएको थियो ।

भेटपछि पुटिनले उत्तर कोरियासँग अझ बढी सहयोगको सम्भावना र सैन्य सम्बन्धका लागि रूपसम्भावना'बारे कुरा गरेका थिए । तर रूसी प्रशासनिक केन्द्र क्रेमलिनले भने कुनै पनि सम्झौतामा हस्ताक्षर नभएको र नहुने बताएको छ । *रासस⁄सिन्ह्वा*

# दश प्रतिशत जापानी नागरिक वृद्ध

**टोकियो–** जापानका १० प्रतिशतभन्दा बढी मानिस ८० वर्ष वा सोभन्दा बढी उमेर काटेको नयाँ आधिकारिक तथ्यांकले देखाएको छ । सोमबारको रूपरेस्पेक्ट फर एज्ड डे' राष्ट्रिय बिदाको पूर्वसन्ध्यामा आइतबार सार्वजनिक गरिएको सरकारी तथ्यांकले हरेक १० मध्ये एक जना ८० वा सोभन्दा बढी उमेर समूहको रहेको देखाएको छ ।

जापानको ६५ वर्ष वा सोभन्दा बढी उमेरको जनसंख्याको हिस्सा अघिल्लो वर्षको २९.० प्रतिशतबाट बढेर २९.१ प्रतिशत पुगेको छ । आन्तरिक मामिला मन्त्रालयका अनुसार दोस्रो स्थानमा रहेको इटालीको २४.५ प्रतिशत र तेस्रो स्थानमा रहेको फिनल्यान्डको २३.६ प्रतिशतको तुलनामा यो स्तर मापन गरिएको हो ।

रूपजापानमा विश्वमा सबैभन्दा बढी वृद्धवृद्धा रहेका छन्,' मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । युवाहरूले अस्थिर रोजगारी र आर्थिक कठिनाइका कारण विवाह र बच्चा जन्माउन ढिलाइ गरिरहेका कारण दशकौंदेखि जापानको जनसंख्या घट्दै गएको छ र पहिलेको जनशक्ति वृद्ध हुँदै गएको छ ।

फलस्वरूप, जापानमा वृद्धवृद्धाको हेरचाहका लागि बढ्दो खर्च देखिएको छ र युवाहरूले रोजगारी भर्न र विभिन्न सामाजिक र कल्याणकारी कार्यक्रमहरूको लागि भुक्तानी गर्न पर्याप्त छैनन् । मन्त्रालयका अनुसार जापानमा सन् १९४६ देखि सन् १९६४ ताका जन्मिएको (ब्याबी बुमर) जनसंख्या १२ करोड ४४ लाख मानिस ७५ वर्ष वा सोभन्दा बढी उमेर समूहका छन् । करिब एक करोड २५ लाख ९० हजार मानिस ८० वर्ष वा सोभन्दा बढी उमेरका छन् भने दुई करोड मानिस ७५ वर्ष वा सोभन्दा बढी उमेरका छन् ।

फलस्वरूप, जापान वृद्ध श्रम शक्तिमा निर्भर मुलुक भएको छ । जापानमा ९० लाखभन्दा बढी वृद्धवृद्धाले काम गरिरहेका छन्, जुन श्रमशक्तिको १३.६ प्रतिशत वा सातमध्ये एक जना कामदार हुन् ।

जापानमा सबै वृद्धवृद्धामध्ये एक चौथाइले रोजगारी पाएका छन्, जुन दक्षिण कोरियाको ३६.२ प्रतिशतभन्दा कम हो, तर संयुक्त राज्य अमेरिकाको १८.६ र फ्रान्स ३.९ प्रतिशतका साथ अन्य विकासशील देशहरूभन्दा धेरै हो । जापानमा ७० देखि ७४ वर्ष उमेर समूहका एक तिहाइभन्दा बढी मानिसले रोजगारी पाएका छन् । सन् २०४० सम्ममा जापानको कूल जनसंख्याको ३४.८ प्रतिशत वृद्धवृद्धा रहने अनुमान गरिएको छ । *रासस⁄एएफपी*

# रूपबाढीप्रभावित लिबियाली सहरमा रोगको जोखिम'

लिबिया- लिबियाको बाढीप्रभावित सहर डेर्नामा एक साताअघि हजारौंको ज्यान जानेगरी फैलिएको बाढीले रूपदोस्रो विनासकारी संकट' निम्त्याउनसक्ने खतरा रहेको संयुक्त राष्ट्रसंघका निकायहरूले सोमबार चेतावनी दिएका छन् ।

गत सेप्टेम्बर १० मा आएको आँधी रूपडच्यानियल' का कारण युद्धग्रस्त उत्तरी अफ्रिकी देशमा आएको भीषण बाढीका कारण तीन हजारभन्दा बढीको मृत्यु हुनुका साथै हजारौं हराइरहेका थिए ।

हैजा, झाडापखाला, निर्जलीकरण (डिहाइड्रेसन) र कुपोषणको बढ्दो जोखिमकाबीच ३० हजार व्यक्ति घरबारविहीन भएका बासिन्दालाई स्वच्छ पानी, खाना र आधारभूत आपूर्तिको खाँचो रहेको संयुक्त राष्ट्रसंघीय निकायहरूले चेतावनी दिएका छन् ।लिबियास्थित संयुक्त राष्ट्रसंघीय सहायता मिसनले भनेको छ, रूपसंयुक्त राष्ट्रसंघका नौ वटा निकायका टोली विगत केही दिनदेखि आँधी डच्यानियल र आकस्मिक बाढीबाट प्रभावितहरूलाई सहायता र सहयोग पुऱ्याइरहेका छन् । यसले स्थानीय अधिकारीहरू, सहायता एजेन्सीहरू र संयुक्त राष्ट्रसंघको विश्व स्वास्थ्य संगठनले रूपरोगको प्रकोपको जोखिम, विशेषगरी दूषित पानी र सरसफाइको कमीबाट चिन्तित रहेको' चेतावनी दिएको छ ।'

राष्ट्रसंघीय सहायतासम्बन्धी अभियान (युएनएसएमआइएल)ले जारी गरेको विज्ञप्तिमा भनिएको छ, रूपयो टोलीले रोगलाई नियन्त्रणमा लिन नदिन र यस क्षेत्रमा दोस्रो विनासकारी संकट निम्त्याउन नदिन काम गरिरहेको छ ।' तीव्र गतिमा बढिरहेको पानीले डेर्नामा दुई नदीका बाँधहरू फुटायो, जसले गर्दा एक लाख जनसंख्या भएको तटीय सहरको मध्यभागबाट अबेर रातिको ज्वारभाटाको छाल खसेको थियो जसले सम्पूर्ण आवासीय ब्लकहरू भूमध्यसागरमा बगाएको थियो ।

बाल राहत कोष युनिसेफ, शरणार्थी निकाय युएनएचसिआर र विश्व खाद्य कार्यक्रमलगायत संयुक्त राष्ट्रसंघका टोलीहरू पनि विगत केही दिनदेखि डेर्ना र आसपासमा पीडितको सहयोगका लागि पुगेका छन् ।

युनिसेफको टोलीले रूपतीन महिनाका लागि १५ हजार मानिसहरूलाई सहयोग गर्न प्राथमिक हेरचाह सेवाहरूमा मेडिकल किटहरू' वितरण गरेको छ भने युएनएचसिआरले डेर्ना र बेन्गाजीका छ हजार २०० विस्थापित परिवारहरूलाई कम्बल, त्रिपाल र भान्साका उपकरणसहितका सामग्रीहरू वितरण गरेको राष्ट्रसंघीय सहायतासम्बन्धी अभियानले जनाएको छ । रूपहालसम्म विश्व खाद्य कार्यक्रममार्फत पाँच हजारभन्दा बढी घरधुरीलाई खाद्यान्न वितरण गरिएको छ, विश्व स्वास्थ्य संगठनबाट चार्टर उडानमार्फत २८ टन स्वास्थ्य सामग्री पठाइएको छ, जसले एम्बुलेन्स र मेडिकल किट्स पनि सहयोग गरेको छ,' उनले भने ।*रासस⁄एएफपी*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHEF AL-SHAMI RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०७९/०५/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०१ LT. No. 271685 चलानी नं. ६०१८७४१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 100 | ४१,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 3 | 0 | 140 | ५७,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० असोज ९ गते (26th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1370/74/75

Namo Buddha Recruitment Pvt. Ltd.

Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168

E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com

Website : www.namobuddharecruitment.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIMER SALON COMPANY FOR WOMEN'S BEAUTY

पूर्व स्वीकृति मिति २०८०/०६/०१ LT No. 292684 चलानी नं. ६०२०७८४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & pedicure | 0 | 3 | 150 | ६४,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hairdresser | 0 | 2 | 150 | ६४,५४५ | | | | | | | |

कम्पनी : ALTHOUQ ALRAFEA INTERNATIONAL COMPANY FOR GENERAL TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०६/०१ LT No. 292685 चलानी नं. ६०२०७८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker For Packing Items | 10 | 0 | 150 | ६४,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Worker For Packing Items | 0 | 10 | 150 | ६४,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० असोज ९ गते (26th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

SUPREME OVERSEAS PVT. LTD.

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047

Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## युएईमा निशूल्क वैदेशिक रोजगारको अवसर

१.कम्पनी ATLANTIS THE PALM LIMITED

पूर्व स्वीकृती मिति : 5/24/2022 चलानी संख्या :60179718 लट नं. 263598 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 14 | 5 | 1493 | ५१,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner/general | 35 | 26 | 1400 | ४१,१७० | | | | | | | |
| 3 | Clerk Assistant | 5 | 3 | 1500 | ५१,६१० | | | | | | | |
| 4 | Cook General | 35 | 14 | 1395 | ४७,९९५ | | | | | | | |
| 5 | Customer Service Agent | 25 | 15 | 1350 | ४६,४५० | | | | | | | |
| 6 | Lifeguard | 45 | 17 | 1700 | ५८,४९० | | | | | | | |
| 7 | Marine Officer | 5 | 5 | 1620 | ५५,७४० | | | | | | | |
| 8 | Receptionist | 0 | 20 | 1680 | ५७,८०० | | | | | | | |
| 9 | Supervisor | 12 | 8 | 3000 | १०३,२०० | | | | | | | |
| 10 | Waiter | 46 | 0 | 1350 | ४६,४५० | | | | | | | |
| 11 | Waitress | 0 | 28 | 1350 | ४६,४५० | | | | | | | |

अर्न्तवार्ता हूने स्थान : सस्थाको कायालय काठमांडौमा मिति :04 Oct 2023 मा हूने छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

*Basic Requirements:*
1-Female waitresses must be at least 160 cm tall.
2-All candidates must have a minimum of 1 year of working or internship experience.
3-Candidates must be between 21 and 35 years old.
4-Willingness to work in both indoor and outdoor venues.
5-Impeccable grooming is a must.

Additional Perks:
- Free Visa
- Free Ticket
- Free Recruitment

अवैध भर्तीकर्ताहरुदेखि सावधान रहनुहोस् /Beware of Illegal Recruiters

कृपया धोखाधडि, अवैध क्रियाकलाप वा भ्रष्टाचार विरुद्द हाम्रो हटलाईन नं. +९७७ ९८५१०७०७०५ मा वा इमेल complaints@vnvnepal.com मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोपनियता सूनिश्चित राख्नेछौ

थप जानकारीकोलागि सम्पर्क नं. 9863194833, 9863194835, 9863194832, 9863194834, 9863194839

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE

श्रम इजाजत नं. ८२२/०६६/०६७

VISION & VALUE OVERSEAS PVT. LTD.

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764

Mobile: 9863194833, 9863194835,9863194832,9863194834, 9863194839

Email:- visionhospitalityjobs@gmail.com| URL: www.vnvnepal.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं**. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.**०१२२९६६५८/९८४२६३५८१५ । **लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं.** ४३६४७१ । **ध्रुवको पसल– डिल्लीबजार, फोन नं.** ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४ । हिमचुली स्टेशनरी–बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal**- पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फयाक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११२५०० | प्रति तोला - १११९५० | प्रति तोला - १४०५ |

## नेप्सेमा सामान्य वृद्धि

**काठमाडौं (प्रस)**– धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार झिनो अंकले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव २६ अंकले उकालो लागेर एक हजार नौ सय ६९ दशमलब १८ मा पुगेको छ । ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव शून्य चार अंकले बढेर लागेर तीन सय ७८ दशमलव ७३ मा पुगेको छ । कूल १३ उपसमूहमध्ये आज १२ उपसमूहको सेयर मूल्य बढेको छ भने एक उपसमूहको मात्रै घटेको छ।

विभिन्न कम्पनीका कूल २८ लाख ७४ हजार दुई सय ७५ कित्ता सेयर रु ८७ करोड चार लाख ४४ हजार एक सय ५६ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबार रकमका आधारमा रिलायबल नेपाल लाइफ इन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु नौ करोड ३८ लाख ८० हजार आठ सय ६० बराबरको कारोबार भएको छ। यस्तै, एनआइसी एशिया बैंक रु चार करोड ३४ लाख तीन हजार, साल्ट ट्रेडिङ कर्पोरेशन रु तीन करोड ९९ लाख ४० हजार पाँच सय ८५,एभरेष्ट बैंक रु तीन करोड ६० लाख ८२ हजार छ सय २८ र आइएमई लाइफ इन्स्योरेन्स रु दुई करोड ४२ लाख छ हजार आठ सय ९७ मूल्य बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार इमर्जिङ नेपाल नौ दशमलब ९९, श्री स्टार हाइड्रोपावर नौ दशमलव ९८, भूगोल इनर्जी डेभलपमेन्ट आठ दशमलव ७२, आरबीबी म्युचुअल फण्ड दोस्रो सात दशमलव ९४ र मेछ्याङ हाइड्रोपावरको सेयर मूल्य सात दशमलव ७७ प्रतिशतले बढेको छ।

## सरकारले प्रसारणलाइनको समस्या सम्बोधन गर्ने

■ रमेश लम्साल

**काठमाडौं**– जलविद्युत् आयोजना निर्माण गर्नुभन्दा बढी समस्या उत्पादित बिजुली राष्ट्रिय प्रणालीमा जोड्नका लागि हुने गरेको छ । अधिकांश प्रसारण लाइनका आयोजना रुग्ण अवस्थामा छन् । कतिपय आयोजना सम्पन्न गर्न १३ वर्षसम्म लागेको छ। भरतपुर-बर्दघाट प्रसारण लाइन त्यसैको एउटा उदाहरण हो ।

माथिल्लो तामाकोशीलगायतका आयोजनाबाट उत्पादित बिजुली काठमाडौं उपत्यकामा ल्याउनका लागि महत्वपूर्ण मानिएको बाह्रबिसे काठमाडौं प्रसारण लाइन निर्माणमा पनि त्यस्तै समस्या छ । प्रसारण लाइनको मार्गक्षेत्रमा पर्ने जग्गाको मुआब्जाका विषयमा सबैभन्दा बढी समस्या पर्ने गरेको छ । यस्तै प्रसारण लाइनको टावर रहने जग्गामा पनि उत्तिकै समस्या छ। जतातर्तै समस्यामा मात्रै फसेको प्रसारण आयोजनाका लागि सरकारले अब दीर्घकालीन हिसाबले निर्णय गर्ने तयारी गरेको छ।

उत्पादनलाई मात्रै जोड दिएर नहुने र प्रसारण लाइन निर्माणमा पनि उत्तिकै ध्यान दिनुपर्ने आवश्यकता देखिएको भन्दै ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीपकुमार देव संयोजकत्वको कार्यदलले तयार पारेको रूपऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना २०८०' मा प्रसारण लाइन निर्माणमा देखिएका समस्या समाधानका लागि विशेष व्यवस्था गरिनुपर्ने प्रावधानको प्रस्ताव गरिएको छ । नदी करिडोरमा उच्च क्षमताका प्रसारण लाइन निर्माण गर्ने र त्यसैमार्फत हब स्टेसन निर्माण गरी प्रसारण गर्नुपर्ने सो कार्यदलको सुझाव छ। प्रतिवेदन आइतबार मात्रै ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतलाई बुझाइएको छ।

प्रसारण लाइनका लागि एउटा टावर निर्माण गर्नु उटा आयोजना निर्माण गर्नु जस्तो हुने अवस्था बनेको छ । वातावरणीय दृष्टिले पनि नदी करिडोरमा प्रसारण लाइनको जालो बनाउन नहुने निष्कर्षमा सरकार पुगेको छ । हब स्टेसनहरू बनाएर उच्च क्षमताका प्रसारण लाइन बनाउने, स्थानीय प्रभावितलाई राज्यका तर्फबाट सेयर दिने वा अन्य उपयुक्त विकल्पको खोजी गर्नुपर्नेमा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री बस्नेत पनि सहमत देखिन्छन्।

उनी प्रसारण लाइन निर्माणमा देखिएको नीतिगत, कानुनी र व्यवहारिक पक्षलाई समाधानका लागि एउटा रूपब्रेक थ्रु' नै आवश्यक भइसकेको बताउँछन्। परम्परागत तवरले अब कुनै पनि नदी करिडोरमा प्रसारण लाइन निर्माण गर्न नसकिने अवस्थाको सिर्जना भइसकेको छ । रूपप्रणालीमा झण्डै तीन हजार मेगावाट बराबरको बिजुली जोडिदा त यस्तो विकराल अवस्था छ। सन् २०३५ सम्म २८ हजार सात सय १३ मेगावाट बराबरको बिजुली उत्पादन गर्ने अवस्था आउँदा झन् स्थिती कस्तो होला ?', मन्त्री बस्नेतले भने, रूपत्यसका लागि सरकारले प्रसारण लाइन निर्माणमा अब नयाँ सोच अगाडि ल्याउने तयारी गरेको छ।'

वन क्षेत्रको जग्गा प्रयोगमा उस्तै समस्या छ । वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारीमा नै समस्या देखिएको छ । त्यसलाई वस्तुनिष्ठ बनाउने सरकारको योजना छ। हचुवाका भरमा त्यस्ता प्रतिवेदन बनाउने गरिएको भन्दै आयोजना प्रभावितले सरकारी प्रस्ताव समेत अस्वीकार गर्ने गरेका छन्। काठमाडौंको नाङ्लेभारेको बोजिनीमा स्थानीयले सवस्टेशन निर्माणमा गरेको अवरोध त्यसैको अर्को उदाहरण हो।

मन्त्री बस्नेतले प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधानका लागि आवश्यक तयारी गर्न समेत मन्त्रालयका उच्च अधिकारीलाई निर्देशन दिएका छन् । रूपप्रसारण लाइन निर्माणमा समस्या भयो भनेर बसेर मात्रै भएन, अब नीतिगत र व्यवहारिक दुवै पक्षबाट यो समस्या समाधानमा केन्द्रित हुनुपर्छ। ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजनामा समेत यसलाई समावेश गरिएको छ । अब यही कार्यदलले नै यसको समेत आवश्यक तयारी गरोस्', उनले भने। सरकारले सन् २०३५ सम्म आन्तरिक बिजुलीको माग १३ हजार चार सय ६८ मेगावाट बराबर पुग्ने लक्ष्य प्रक्षेपण गरेको छ । सो अवधिमा भारत, बंगलादेशलगायतका देशमा १५ हजार मेगावाट बिजुली निर्यात गर्ने लक्ष्य राखेको छ। यस आधारमा पनि प्रसारण लाइन र सवस्टेशन निर्माणलाई उत्तिकै प्राथमिकतामा राख्नु आवश्यक भइसकेको छ। *रासस*

## कर्पोरेट

### सोलुखुम्बुको नाम्चेमा नबिल बैंकको शाखा

**सोलुखुम्बु (प्रस)**– देशकै अग्रणी बैंकको रूपमा परिचित नबिल बैंक लिमिटेडको २६५ औं शाखा सोलुखुम्बु जिल्लाको नाम्चेमा उद्घाटन गरिएको छ । बैंकिङ पहुँच विस्तार तथा दुर्गम क्षेत्रमा शाखा विस्तार रणनीतिका साथ नाम्चेमा शाखा विस्तार गरिएको नबिल बैंकले जनाएको छ ।

नबिल बैंकका अध्यक्ष उपेन्द्र प्रसाद पौड्याल तथा प्रमुख अतिथी पूर्व वडा अध्यक्ष छिरिङ फेन्जो शेर्पाले संयुक्त रूपमा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र प्रसाद ढुंगानाको उपस्थितीमा शाखा उद्घाटन गरेका थिए। उद्घाटन कार्यक्रममा अध्यक्ष पौड्यालले नाम्चेमा नबिलको व्यवसाय विस्तार मात्रै नभई समुदाय स्तरमा काम गर्ने ध्येय नबिल बैंकको रहेको बताए । रूपनबिल बैंकले समुदायसँग मिलेर काम गर्नमा विश्वास राखेको छ र नाम्चेमा शाखा खोल्नु हाम्रो लागि खुसीको क्षण हो,' उनले भने ।



प्रमुख अतिथी शेर्पाले यस क्षेत्रमा नबिल बैंकको उपस्थितिले खुसी तुल्याएको बताए। उनले स्थानीय स्तरमा वित्तीय पहुँच र आर्थिक उपार्जनका क्रियाकलापको लागि बैंकको उपस्थिति अर्थपूर्ण रहने बताए । नबिल बैंकका सिईओ ढुंगानाले नाम्चे क्षेत्रमा सहज वित्तीय पहुँच दिने र गुणस्तरीय बैंकिङ सेवा विस्तार गर्ने उद्देश्यले शाखा विस्तार गरिएको बताए । रूपहामी यस क्षेत्रको आर्थिक आवश्यकता पूरा गर्न सेवाग्राहीलाई उत्कृष्ट सेवा दिनको लागि हाम्रो प्रयास रहनेछ,' ढुंगानाले भने ।

उद्घाटन समारोहमा वडा सदस्य न्वाङ शेर्पा, सिमा प्रशासकीय अधिकृत सुजन कुमारी बर्देवा, प्रहरी निरीक्षक कविन राई लगायत स्थानीय प्रतिनिधिका साथै नबिल बैंकका उच्च अधिकारीहरूको उपस्थिती रहेको थियो। नबिल बैंक नेपालको अग्रणी वाणिज्य बैंक मध्ये एक हो। बैंकको देशभर २६५ शाखा सञ्जालसहित ३०६ एटिएम मेसिनबाट सेवा दिएको छ। नबिल बैंकसँग हालसम्म १८ लाखभन्दा बढी ग्राहक संख्या पुगेको छ।

### चोकोफनको नयाँ विज्ञापन अभियान




**काठमाडौं (प्रस)**– सुजल फूड्स प्रा. लि. ले आफ्नो उत्कृष्ट उत्पादन चोकोफनको नयाँ बिज्ञापन अभियान शुरु गरेको छ। कम्पनीले वन्ली चोकोफन भन्ने संदेश बोकेको यस बिज्ञापन अभियानलाई आकर्षक ढंगले देशभर विभिन्न माध्यममार्फत् प्रस्तुत गरेको छ।

विगत २ दशकदेखि बजारमा आएको चोकोफन देशकै पहिलो र ओरिजिनल चकलेट वाफर हो। यस बिज्ञापन अभियान मार्फत बालबालिकाहरूको हरेक रमाइला पलहरूलाई वन्ली चोकोफनको साथले मात्र पूर्णता मिल्दछ भन्ने सन्देश दिइएको छ।

बालबालिकाहरूले यस बिज्ञापनलाई आफ्नो वास्तविक बाल्यकालसँग चित्रण गर्ने छन् । उनीहरूको दैनिकी जीवनमा हुने विभिन्न मिठा पलहरूलाई नै समेटेर वन्ली चोकोपनको टेलिभिजन बिज्ञापनमा देखाइएको छ, जुन बालबालिकाहरूको हरेक रमाइला पलहरूलाई चोकोफनको मिठासले पूर्ण तुल्याउदछ। बिज्ञापनमा बालबालिकाहरू एक अर्कासँग रमाइलो गरिरहेको, चोकोफनको उत्कृष्ट स्वादमा मग्न भएको साथै वन्ली चोकोपननै उनीहरूको सफलताको मिठास बनेको पनि प्रस्तुत गरिएको छ। बिगत चार दशकदेखि उत्कृष्ट कन्फेक्सनरी उत्पादन गर्दै आएको आईएसओ २२०००:२०१८ सर्टिफाइड कम्पनी सुजल फूड्स प्रा लि को लोकप्रिय उत्पादन हो चोकोफन।

### चौथो टेकट्रिक्स-२०२३ सम्पन्न

**काठमाडौं (प्रस)**– चौथो संस्करणको टेकट्रिक्स २०२३ सम्पन्न भएको छ । प्रविधिको युगमा केवल शैद्धान्तीक ज्ञानले मात्र सक्षम जनशक्ती उत्पादन गर्न प्राय: असम्भव रहेको भन्दै प्रविधि शिक्षालाई अगाडि बढाउँदै लैजाने उद्देश्यले न्यू समिट कलेज र टेकट्रिक्स नेपालद्वारा आयोजित टेकट्रिक्स-२०२३ सम्पन्न भएको हो।

समापन समारोह कलेजका प्रिन्सिपल चोकराज दवाडीद्वारा सभापतित्व गरिएको थियो भने स्वागत मन्तव्य कलेजका संचालक समिति अध्यक्ष अजय प्रसाद ढकालले राखेका थिए। साथै उक्त अवसरमा त्रि. वि आईओएसटीका डिन प्रा. डा. विनिल अर्याल प्रमूख आतिथिका रूपमा आमन्त्रित थिए। रूपआईटी



शिक्षामा विद्यार्थीहरूलाई आफूसगंभएको अन्तर्निहित क्षमता प्रस्फूरण गर्न चाहिने एथेष्ट अवसर यस कार्यक्रमले दिएको र आगामी विश्व आईटी शिक्षा र आईटी विज्ञले गर्नेमा दुइमत नभएको कुरा तपाईहरूमा राख्न चाहन्छु', प्रा.डा. अर्यालले भने। विभिन्न विधामा संचालित प्रतियोगिताका बिजेतालाई नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । कार्यक्रमलाई मुख्य प्रायोजन गर्ने नेपाल टेलिकम, आइडिया स्टुडियो र भर्टिगो लगायत सम्पूर्ण प्रायोजक तथा प्रत्यक्ष परोक्ष रूपमा कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिदै कलेजका प्रिन्सिपल चोकराज दवाडीले समापन गरेका थिए।

### नेपाल एसबिआई र ओम्नी मोटर्सबीच सम्झौता

**काठमाडौं (प्रस)**– नेपाल एसबिआई बैंक लि. र ओम्नी मोटर्स प्रा.लि बिच सम्झौता भएको छ। उक्त सम्झौता बैंकका प्रमूख कर्जा अधिकृत अर्जून नेपाल र ओम्नी मोटर्स प्रा.लिका तर्फबाट सह निर्देशक उदयन काब्राले संयुक्त रूपमा हस्ताक्षर गरेका थिए। उक्त अवसरमा कर्पोरेट क्रेडिट प्रमुख विनोद अधिकारी, रिटेल एण्ड एसएमई प्रमूख प्रबिण भट्टराईलगायत कम्पनीका प्रतिनिधि सहभागि थिए । हायर पर्चेज योजना अन्तर्गत सवारी साधनहरूको फाइनानसिङलाई सहज बनाउने मुख्य उद्देश्य रहेको पनि जनाइएको छ।

### नाडा अटो शोमा ५०० भन्दा धेरै टाटा टियागो इभीको बुकिङ

**काठमाडौं (प्रस)**– नाडा अटो शोमा ५०० भन्दा बढी टाटा टियागो इभीको बुकिङ भएको सिप्रदी ट्रेडिङले जनाएको छ । सिप्रदी ट्रेडिङले यही भदौ २६ गतेबाट ३१ गतेसम्म भृकुटीमण्डपस्थित प्रदर्शनीस्थलमा आयोजना भएको १५ औं संस्करणको नाडा अटो शो २०२३ मा सार्वजनिक गरेको टाटा टियागो इभी, टाटा नेक्सन इभी एक्स जेड प्लस र टाटा पन्चले उत्कृष्ट प्रदर्शन गरेको थियो ।

उक्त अवसरमा विशेषत: सुरुवाती मूल्य रु २१.९९ लाखमा नेपाली बजारमा सार्बजनिक गरिएको टियागो इभीको अटो शोको ६ दिनमा ५०० भन्दा धेरै बुकिङ्ग भएको कम्पनिले जनाएको छ। साथै नाडा अटो शोमा नै लन्च गरिएको टाटा नेक्सन इभी एक्स जेड प्लस र टाटा पन्चको बुकिङ्ग पनि उल्लेखनीय रहेको छ। टाटाका गाडीहरू उत्कृष्ट बिशेषतायुक्त रहेका छन्। अत्याधुनिक जिपट्रन प्रविधियुक्त टियागो इभीमा पाँचवटा मुख्य बिशेषताहरू रहेका छन । जसमा कार्य कुशलता , प्रविधि, विश्वास , चार्जिङ्ग र आरामदायीता रहेका छन। क्रुज कन्ट्रोल सहितको टियागो इभीमा अत्याधुनिक टेलिम्याटिक्स, कन्ट्रयास्ट रूफ, पूर्ण स्वचालित क्लाइमेट कन्ट्रोल, प्रोजेक्टर अटो हेडल्याम्प लगायत बिशेषताहरू रहेका छन्।




यस्तै, अर्को गाडी नेक्सन इभी एक्स जेट प्लस को ब्याट्री क्षमता ४०.५ किलोवाट र रेञ्ज ४५३ किलोमिटर रहेको छ। टियागो इभी जस्त अत्याधुनिक जिपट्रन प्रविधि भएको यस एसयुभीको बनावट आकर्षक रहेको छ। आरामको लागि पावर विन्डो र पूर्ण स्वचालित क्लाइमेट कन्ट्रोल लगायत अन्य विशेषताहरू भएको नेक्सन इभी एक्स जेट प्लसले अन्य भन्दा उत्कृष्ट सुरक्षाको प्रत्याभूति गर्दछ। सुरक्षाको लागि यसमा एन्टी-लक ब्रेकिङ्ग सिस्टम, चाइल्ड सेफ्टी लक, ट्र्याक्सन जस्ता व्यवस्थाहरू छन्।

त्यसैगरी, टाटाको "न्यु फरेभ" रेञ्ज अन्तर्गतको टाटा पन्चको चार आधारस्तम्भहरू हुन् आकर्षक डिजाइन, विशेष कार्यक्षमता, फराकिलो इन्टेरिएर र पूर्ण सुरक्षा रहेका छन। नँया युग सुहाँउदो सोच र प्रविधिमा आधारित यो गाडीले ग्राहकहरूको बदलिदो इच्छा एवं आकांक्षाहरूको परिपूर्ति गर्दछ। टाटा पन्च हाल भारतीय बजारमा सबैभन्दा बढी विक्री भइरहेको सब कम्प्याक्ट एसयुभी रूपमा पनि परिचित छ।

## दुई महिनामा एक खर्ब ३१ अर्ब खर्च

■ प्रभाव संवाददाता

**काठमाडौं**– चालु आर्थिक वर्ष २०८०/८१ को सुरुआती दुई महिनामा सरकारी बजेट खर्च वार्षिक लक्ष्यको सात दशमलव ४९ प्रतिशत बराबर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार भदौ मसान्तसम्ममा सरकारले रू एक खर्ब ३१ अर्ब १४ करोड १३ लाख बराबर बजेट खर्च गरेको छ।

सरकारले चालु आवका लागि कूल रू १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो। सोमध्ये चालु शीर्षकमा रू ११ खर्ब ४१ अर्ब ७८ करोड विनियोजन भएकोमा हालसम्म सात दशमलव ६८ प्रतिशत अर्थात् रू ८७ अर्ब ६६ करोड ३५ लाख बराबर रहेको छ। पूँजीगत शीर्षकमा दुई दशमलव सात प्रतिशत मात्रै बजेट खर्च भएको छ। यो शीर्षकमा रू तीन खर्ब दुई अर्ब सात करोड बराबरको बजेट छुट्याइएकोमा भदौ मसान्तसम्ममा रू आठ अर्ब १६ करोड ३९ लाख बराबर बजेट खर्च भएको छ । वित्तीय व्यवस्थापन शीर्षकको बजेट खर्च वार्षिक लक्ष्यको ११ दशमलव ४९ प्रतिशत बराबर छ।

मुख्यगरी सरकारी ऋण तिर्नका लागि प्रयोग हुने वित्तीय व्यवस्थापनतर्फको बजेट चालु आवका लागि रू तीन खर्ब सात अर्ब ४५ करोड बराबर छ। पछिल्लो दुई महिना अवधिमा वित्तीय व्यवस्थापन शीर्षकबाट रू ३५ अर्ब ५१ करोड ३९ लाख खर्च भएको छ।

यहि अवधिको सरकारी राजस्व संकलन वार्षिक लक्ष्यको १० दशमलव ४७ प्रतिशत बराबर छ। चालु आवका लागि सरकारले कूल रू १४ खर्ब ७२ अर्ब ४८ लाख बराबर बजेट छुट्याउने लक्ष्य राखेकोमा भदौ मसान्तसम्ममा रू एक खर्ब ५४ अर्ब २३ करोड ५९ लाख बराबर राजस्व उठेको छ।

कर राजस्व वार्षिक लक्ष्यको नौ दशमलव आठ प्रतिशत अर्थात रू एक खर्ब २७ अर्ब ९५ करोड ६७ लाख र गैरकर राजस्व लक्ष्यको ११ दशमलव २१ प्रतिशत अर्थात् रू १३ अर्ब १२ करोड बराबर उठेको छ। यो अवधिमा सरकारले वैदेशिक अनुदान भने लिएको देखिँदैन।

## बजेट अभावले रैथाने बाली प्रवर्द्धन कार्यक्रम ओझेलमा

**काभ्रेपलाञ्चोक**– परम्परागतरूपमा स्थानीय समुदायले खेती गर्दै आएको रैथाने बाली प्रवर्द्धन एवं संरक्षण अभियान यसबर्ष बजेट अभावमा ओझेलामा परेको छ । गत आर्थिक बर्षसम्म बाग्मती प्रदेश सरकारले धुलिखेलस्थित कृषि ज्ञान केन्द्रमार्फत रैथाने बाली प्रवर्द्धन एवं संरक्षण कार्यक्रम प्राथमिकताकासाथ गर्दै आएको थियो ।

उक्त अभियानअन्तर्गत गत बर्ष काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकका ४० हेक्टर जमिनमा रैथाने बाली प्रवर्द्धन गर्न सुरु गरिएको थियो । यसका लागि दुवै जिल्लाबाट रैथाने बाली प्रवर्द्धन कार्यक्रम गर्न कृषक समूह तथा कृषि सहकारीसँग प्रस्ताव आह्वान गरी कार्यक्रम अघि बढाइएको केन्द्रका बागबानी विकास अधिकृत उमेश सापकोटाले जानकारी दिए । उनका अनुसार यस आर्थिक बर्षमा उक्त कार्यक्रमका लागि बजेट नहुँदा अभियाननै स्थगित गरिएको हो ।

यसअघि प्रदेश र सङ्घीय सरकारले रैथाने बाली प्रवर्द्धनका लागि बर्षेनी बजेट थप्दै आएको अधिकृत सापकोटाले बताए। गतबर्ष प्रदेश सरकारले रैथाने बाली प्रवर्द्धनका लागि काभ्रेपलाञ्चोकमा बिनियोजित रु ४० लाखबाट सङ्घीय सरकारको रूपराष्ट्रिय खाद्य सुरक्षा मिसन रैथाने बाली प्रवर्द्धन' कार्यक्रमअन्तर्गत तालिम, प्रचारप्रसार, अनुदानमा कृषि सामग्री वितरण, उन्नत जातका रैथाने बालीको बीउ वितरण तथा होटल, होमस्टे ब्यवसायीलाई रैथाने बालीका परिकारमा आकर्षण गराउन तालिमलगायत कार्यक्रम गरिएको थियो।

विशेषगरी गाउँमा सञ्चालित होमस्टेमा रैथाने बालीको परिकार दिन सकिने भएकाले तिनलाई कार्यक्रममा समेट्न थालिएको अधिकृत सापकोटाले बताए । यसअघि उक्त अभियानमाअन्तर्गत काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकका केही स्थानीय तहका खेतबारीमा रैथाने बाली लगाइएको थियो। कृषि विभागमार्फत केन्द्रले दुई जिल्लामा यसको पकेट क्षेत्र घोषणा गरी ती क्षेत्रमा कोदो, फापर, लट्टे, कागुनो र जुनेलो खेती गरिएको थियो । रैथाने बालीको उत्पादन बर्षैपिच्छे बढ्दो परिमाणमा पाइएको बताइन्छ।

पोषणको दृष्टिले महत्वपूर्ण मानिएका रैथाने बालीमा कागुनो, कोदो, चिनो, फापर, लट्टे, उवा, सिमीलगायत बाली पर्दछन् । केन्द्रले रैथाने बालीको वीउ नि:शुल्करूपमा कृषकलाई वितरण गर्नाका साथै ८५ प्रतिशतसम्म अनुदानमा उपकरण दिइएको उल्लेख गर्दै उनले पोषणको दृष्टिले महत्वपूर्ण मानिएको तर हाल नेपाली भान्छामा कमै प्रगोग हुने गरेकाले रैथाले बालीलाई प्रवर्द्धन एवं संरक्षण गर्न यस्तो कार्यक्रम लागू गरिएको जानकारी दिए । रूपलोपोन्मुख अवस्थाका रैथाले बालीलाई नयाँ कृषि कार्यक्रममार्फत प्रवर्द्धन गर्न लगिएको थियो, बजेट अभावमा कुपोषणबाट मुक्त हुन तथा मानिसको स्वास्थ्य राम्रो बनाउन मद्दत पुग्ने विषयमा हाल रुकावट आएको छ', अधिकृत सापकोटाले भने।

अनुसन्धान र प्रसारमा कम जोड दिइएको यस्ता बालीलाई मध्य तथा उच्च पहाडी क्षेत्रहरूमा खाद्य तथा पोषण सुरक्षाको आधार बनाइने लक्ष्य लिइएको छ । जलवायू अनुकुलित बाली, पौष्टिकताले भरिपूर्ण, उच्च प्रतिस्पर्धी क्षमता, मूल्य अभिबृद्धि तथा विविधिकरणको सम्भावना, बेजोड स्वाद, गुणस्तर उच्च, कृषि पर्यटन वृद्धि , कम लगानी, सिमान्त जमिनमा गर्न सकिने तथा रूपक्लाइमेट स्मार्ट भिलेज' बन्ने भएकाले यसको प्रवर्द्धन तथा संरक्षण गर्नुपर्ने उद्देश्य रहेको थियो।

रैथाने बालीमा धान र गहुँको तुलनामा प्रोटीन र फलामतत्व बढी हुने भएकाले यसप्रति कृषकलाई आकर्षण गर्नुपर्ने आवश्यकता रहेको बताइएको छ। बालीविज्ञका अनुसार रैथाने बाली रोपेपछि त्यति रेखदेख गर्न नपर्ने भएकाले सजिलो हुने, जुनसुकै हावापानीमा कम लागतमा पनि उत्पादन हुन्छ।

यसैबीच पाँचखाल नगरपालिकाले भने गत बर्षको स्थानीयस्तरमा रैथाने बालीका परिकार ख्वाउन होमस्टे सञ्चालन गर्ने गरी सञ्चालनमा ल्याएको कार्यक्रमलाई निरन्तरता दिएको छ। नगरको १, ५, ८ र ११ नं वडामा रैथाने बालीको रूपमा रहेको कोदो, फापर, जौ, स्थानीय मकैलगायत बाली संरक्षण तथा रैथाने बाली प्रयोग गर्ने गरी घरबास(होम स्टे) सञ्चालन गर्ने गरी कार्यक्रम सञ्चालनमा ल्याएको थियो। नगर कृषि शाखाका अनुसार नगरका चार वडामा क्लस्टर बनाइ २० समूहमार्फत रैथाने वीउ, हाते ट्र्याक्टर, जोख्ने मेसिन तथा अन्न राख्ने विशेष खालका (किराहरू नलाग्ने) बोरा वितरण गरिएको थियो। साथै अभियानअन्तर्गत् प्रारम्भिक चरणमा २० समूहलाई भटमासको बीउ वितरण गरिएको थियो। नगरको ५ नं वडास्थित खावा होमस्टेमा पाहुनालाई रैथाने बालीबाट बनेका परिकार खुवाईंदै आइएको छ।

केन्द्रको तथ्यांकअनुसार काभ्रेपलाञ्चोकमा बार्षिक ४० हजार आठ सय आठ मेट्रिकटन मकै, १८ हजार छ सय ८३ मेट्रिकटन धान, १६ हजार पाँच सय ६८ मेट्रिकटन गहुँ, दुई हजार छ सय ७३ मेट्रिक टन कोदो र पाँच सय ४६ मेट्रिकटन फापर उत्पादन हुने गरेको छ। काभ्रेपलाञ्चोक खाद्यान्नमा आत्मनिर्भर भई खाद्यान्न स्थिति सन्तलुनमा तीन हजार ४१ मेट्रिक टन बढी खाद्यान्न उत्पादन हुने गरेको छ। *रासस*

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ